आयुर्वेद श्रृङ्खला-२

आयुर्वेद
वृद्धिरोग (अण्डकोशवृद्धिरोग)

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

विषयसूची

वृद्धिरोगको कारण र लक्षण
(Orchitis)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

क्रुद्धो रुद्धगतिर्वायुः शोफशूलकरश्चरन्॥
मुष्कौ वङ्क्षणतः प्राप्य फलकोशाभिवाहिनीः । प्रपीड्य धमनीर्वृद्धिं करोति फलकोशयोः॥

कुनै कारणले बाटो अवरुद्ध भई रिसाएको शरीर भित्रको हावा यताउता घुम्दै, सुजन र शूल निकाल्दै गुप्त अङ्ग रहेका स्थानमा पुगी त्यहाँ रहेका अण्डकोशसँग सम्बन्धित धमनी (ठूला नसा) लाई पीडित पार्दै अण्डकोशहरू बढाउन पुग्दछ । (कहिलेकाहीँ एउटा मात्र पनि बढ्न सक्दछ) । यस्तो रोगलाई “वृद्धि” भनिन्छ ।

(ख) गरुडपुराण :

क्रुद्धो रुद्धगतिर्वायुः शेफमूलकरो हि सः । मुष्कवङ्क्षणतः प्राप्य फलकोषातिवाहिनीम्॥
आपीड्य धमनीवृद्धिं करोति फलकोषयोः । दोषो मेदेषु तदा...।

अपानवायुको बाटो अवरुद्ध भएपछि विकृत वायुले पुरुष जननेन्द्रियको जरामा सुजन उत्पन्न गराउँदछ । अण्डकोश र नितम्बको हाड हुँदै यसले अण्डकोशका नसालाई पीडित बनाउँदै (असर गर्दै) बढाउन थाल्दछ । यसपछि बोसोमा विकार उत्पन्न हुन्छ ।

(ग) भावप्रकाश संहिता :

वृद्धिं करोति कोषस्यफलकोषाभिवाहिनीः । रुद्ध्वा रुद्धगतिर्वायुर्धमनीर्मुष्कगामिनीः॥

विविध कारणले विकृत र उत्तेजित हुने शरीर भित्रको वायुले अण्डकोषमा पुगी त्यहाँ रहेका नसालाई रोकेर अण्ड र छालालाई बढाउने गर्दछ ।

(घ) माधव निदान, योग रत्नाकर :

वृद्धोऽनूर्ध्वगतिर्वायुः शोथशूलकरश्चरन् ।
मुष्कौ वङ्क्षणतः प्राप्य फलकोषाभिवाहिनीः॥
प्रपीड्य धमनीर्वृद्धिं करोति फलकोषयोः ।

तलतिर हिँडिरहेको शरीर भित्रको वायु उत्तेजित र विकृत भई सुजन र शूल गराउँदै अण्डकोश भएको स्थानमा पुगी त्यसभित्र पसेर अण्डकोश भित्र छिर्ने धमनीलाई दूषित पारी बढाउने गर्दछ भने त्यसलाई “वृद्धिरोग” भनिन्छ ।

(ङ) सुश्रुत संहिता :

तासां मूत्रान्त्रनिमित्ते वृद्धी वातसमुत्थे केवलमुत्पत्तिहेतुरन्यतमः ॥

यिमध्ये मुत्रजन्य र अन्त्रजन्य वृद्धिको कारण वायु हो । वायुका कारण वृद्धि हुन्छ । रोग उत्पत्ति हुने मुख्य कारण मूत्र वा अन्त्रमध्ये कुनै एक हुन्छ । (मूत्रवृद्धि हुँदा अण्डकोशमा पिसाब जस्तै तरल पदार्थ भरिने गर्दछ) ।

अधः प्रकुपितोऽन्यतमो हि दोषः फलकोशवाहिनीरभिप्रपद्य धमनीः
फलकोषयोर्वृद्धिं जनयति, तां वृद्धिमित्याचक्षते ॥

वायु, पित्त आदिमध्ये कुनै एक दोष नाइटोभन्दा तलतिर विकृत एवं उत्तेजित भई अण्डकोषका धमनीमा पुगी त्यसलाई बढाउने गर्दछ । यसलाई "वृद्धिरोग" भनिन्छ ।

(च) हारीत संहिता :

बाल्ये मातुः पितुर्दोषाज्जयते वृषणानुगा ॥

मातापिताको दोषले गर्दा बालकलाई अण्डकोशसम्बन्धी रोग हुने गर्दछ ।

दुष्टदाराविहाराच्च वातो बस्तिगतो भृशम् । अण्डस्थानं च सम्प्राप्य तस्य वृद्धिं करोति वै ॥

दूषित स्त्री-जननेन्द्रियमा सहवास गरेका कारण मूत्राशयको भागमा पुगेको धेरै वायु अण्डकोषमा पुगी अण्डवृद्धि रोग निकाल्ने गर्दछ ।

वृद्धिरोगका पूर्वलक्षण

(क) सुश्रुत संहिता :

तासां भविष्यतीनां पूर्वरूपाणि बस्तिकटीमुष्कमेढ्रेषु वेदना मारुतनिग्रहः फलकोशशोफश्चेति ॥

मूत्राशय (पिशाब थैली) दुख्नु, कम्मर दुख्नु वा कम्मरमा शूल हुनु, अण्डकोश दुख्नु, जननेन्द्रिय दुख्नु, शरीर भित्रको वायु अवरुद्ध हुनु र अण्डकोश सुन्निनु : यी वृद्धिरोगका पूर्व लक्षणहरू हुन् ।

वृद्धिरोगका प्रकारहरू

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

दोषास्रमेदोमूत्रान्त्रैः स वृद्धिः सप्तधा गदः । मूत्रान्त्रजावप्यनिलाद्धेतुभेदस्तु केवलम् ॥

अण्डकोश बढ्ने रोग वातविकारले हुने, पित्तविकारले हुने, कफविकारले हुने, रक्तविकारले हुने, बोसोविकारले हुने, पिसाविकारले हुने र आन्द्राविकारले हुने गरी सात किसिमका हुन्छन् । पिसाबको विकारले हुने र आन्द्राको विकारले हुने रोग वायुविकारले नै हुने रोगहरू हुन् । उपचार र लक्षण बेग्लै भएकोले बेग्लै नाम दिइएको हो ।

(ख) गरुडपुराण :

...स्ते सवृद्धिः सप्तधा गदः ॥

अण्डकोष वृद्धिका सात कारण हुन्छन् । (वातजन्य, पित्तजन्य, कफजन्य, रक्तजन्य, बोसोजन्य, मूत्रजन्य र आन्द्राजन्य) ।

(ग) भावप्रकाश संहिता :

दोषास्रमेदोमूत्रान्त्रैः स वृद्धिः सप्तधा गदः । मूत्रान्त्रजावप्यनिलाद्धेतुभेदस्तु केवलः ॥

वात, पित्त, कफ, रगत, बोसो, पिसाब र आन्द्रा गरी सात प्रकारका वृद्धि रोग हुन्छन् । यिमध्ये पिसाबजन्य र आन्द्राजन्य वृद्धि वातविकारले हुने भएपनि लक्षण र उपचार फरक भएकोले बेग्लै गणना गरिएको हो ।

(घ) माधव निदान, योग रत्नाकर :

दोषास्रमेदोमूत्रान्त्रैः स वृद्धिः सप्तधा गदः ॥ मूत्रान्त्रजावप्यनिलाद्धेतुभेदस्तु केवलम् ।

वात, पित्त, कफ, रगत, बोसो, पिसाब र आन्त्र गरी वृद्धि सात किसिमका हुन्छन् । मूत्रवृद्धि र अन्त्रवृद्धिको मूल कारण वायु भएपनि यो रोगका अन्य उपचार आदिले गर्दा बेग्लै गणना गरिएको हो ।

(ङ) सुश्रुत संहिता :

वातपित्तश्लेष्मशोणितमेदोमूत्रान्त्रनिमित्ताः सप्तवृद्धयो भवन्ति ।

वातजन्य, पित्तजन्य, कफजन्य, रक्तजन्य, बोसोजन्य, पिसाबजन्य र अन्त्रजन्य गरी वृद्धिरोग सात किसिमका हुन्छन् । (दुई दोष मिलेर वृद्धिरोग हुँदैन) ।

(च) हारीत संहिता :

एकैकसन्निपातश्च चतुर्थः सन्निपातिकः ।

एक एक दोषले हुने तीन र सन्निपातले हुने चौथो गरी चार प्रकारका अण्डवृद्धि रोग हुन्छन् ।

आन्ध्राविकारजन्य वृद्धिरोगको लक्षण
(Hernia)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

वातकोपिभिराहारैः शीततोयावगाहनैः । धारणेरणभाराध्वंविषमाङ्गप्रवर्तनैः ॥
क्षोभणैः क्षुभितोऽन्यैश्च क्षुद्रान्त्रावयवं यदा । पवनो विगुणीकृत्य स्वनिवेशादधो नयेत् ॥
कुर्याद्वङ्क्षणसन्धिस्थो ग्रन्थ्याभं श्वयथुं तदा ॥

शरीर भित्र रहेको वायुलाई विकृत र उत्तेजित पार्ने खानपिन (अधिक) गर्नाले, चिसो पानीमा नुहाउने गर्नाले, पिसाब आदिको वेग रोक्ने गर्नाले वा बल गरेर नआएपनि पिसाब गर्न खोज्नाले, बोझ उठाउने गर्नाले, धेरै पैदल हिँड्नाले, शरीरका अङ्गलाई नमिल्दो किसिमले धेरै बेर राख्नाले तथा अन्य विकारले उत्तेजित एवं विकृत हुन पुगेको शरीर भित्रको वायु ले जब सानो आन्ध्रा एक भागलाई खुम्च्याउँदै दोबारेर आफ्नो वास्तविक स्थानबाट तलतिर अण्डकोशको नसा छुट्टिने फेदसम्म लैजान थाल्दछ तब अण्डकोशमा गाँठोजस्तो सुजन हुन थाल्दछ । यसलाई आन्त्रवृद्धि भनिन्छ ।

(ख) चरक संहिता :

ब्रध्नोऽनिलाद्यैर्वृषणे स्वलिङ्गैरन्त्रं निरेति प्रविशेन्मुहुश्च ।
मूत्रेण पूर्णं मृदु मेदसा तु स्निग्धं च विद्यात् कठिनं च शोथम् ॥

(हर्निया) वात आदि दोषले आआफ्ना लक्षण सहित व्रध्न रोग निकाल्दछन् । वातवृद्धिमा वातका, पित्तवृद्धिमा पित्त र कफवृद्धिमा कफका लक्षण हुन्छन् । आन्ध्रा अण्डकोश क्षेत्रको अन्तिममा रहेको प्वालबाट निस्की पटकपटक अण्डकोश भित्र छिर्ने गर्दछ र पुनः पेटमा छिर्ने गर्दछ । यो व्रध्नरोगलाई आन्त्रवृद्धि रोग पनि भनिन्छ ।

(यो दुई थरी हुन्छ अण्डकोश भित्र नछिरी जोर्नीमै फुलेर बसे त्यसलाई अप्राप्तफलकोषा र भित्र छिरेमा प्राप्तफलकोषा भनिन्छ । यी दुईमध्ये पहिलो थरी आन्त्रवृद्धि बढी देखिने गर्दछ ।)

विरेचनाभ्यङ्गनिरूहलेपाः पक्वेषु चैव व्रणवच्चिकित्सा ।
स्यान्मूत्रभेदः कफजं विपाट्य विशोध्य सीव्यं व्रणवच्च पक्वम् ॥

(नपाकेको) वृद्धिरोगमा विरेचन, मालिस, निरूहवस्ति र लेप दल्नुपर्दछ । पाकेको अवस्थामा खटिरा जसरी उपचार गर्नुपर्दछ । मूत्रजन्यवृद्धि र कफजन्यवृद्धिमा हतियारले चिरी घाउ प्रशोधन गर्ने ओखतीको काँढापानी आदिले सफा गर्नुपर्दछ । यसपछि सिउनू । पाकेका अवस्थामा व्रण (खटिरा) को जसरी नै उपचार गर्नुपर्दछ ।

(ख) गरुडपुराण :

वातकोपिभिराहारैः शीततोयावगाहनैः ॥
विण्मूत्रधारणाच्चैव विषमाङ्गविचेष्टनैः । क्षोभितैः क्षोभितौजश्च क्षीणान्तर्देहिनो यदा ॥
पवनो विगुणीभूय शोणितं तदधो नयेत् । कुर्यात्तत्क्षणसन्धिस्थो ग्रन्थ्याभः श्वयथुस्तदा ॥

आन्ध्राजन्य वृद्धि वायुविकार उत्पन्न गराउने खाना खानाले, धेरै चिसो पानीमा नुहाउनाले, मलमूत्रको वेग रोक्नाले र अङ्गका गतिविधिलाई रोक्नाले जब ओज रिसाएर शरीरलाई कमजोर पार्दछ तब वायु रिसाएर रगतलाई तलतिर लैजान थाल्दछ । यसबाट जोर्नीमा गाँठो जस्तो परी सुन्निन थाल्दछ । यसलाई आन्त्रवृद्धि भनिन्छ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :

वातकोपिभिराहारैः शीततोयावगाहनैः । धारणेरणभाराध्वविषमाङ्गप्रवर्त्तनैः ॥
क्षोभणैः क्षोभितोऽन्यैश्च क्षुद्रान्त्रावयवं यदा । पवनो विगुणीकृत्य स्वनिवेशादधो नयेत्॥
कुर्याद्वङ्क्षणसन्धिस्थो ग्रन्थ्याभं श्वयथुं तदा ॥
(धारणम्-उपस्थितस्य वेगस्य । ईरणम्- अनुपस्थितस्य वेगस्य प्रेरणम् ।
विषमाङ्गप्रवर्तनम्-वक्रत्वेनाङ्गमोटनम् । अन्यानि क्षोभणानि ।)

शरीर भित्र रहेको वायुलाई उत्तेजित र विकृत बनाउने खालका खानपिन गर्नाले, चिसो पानी भित्र पसेर नुहाउने गर्नाले, पिसाब आदिको वेग रोक्ने गर्नाले, पिसाब आदि बलपूर्वक गर्न खोज्नाले, गह्रौं कुरा उचाल्ने गर्नाले, धेरै पैदल हिँड्नाले, शरीरका अङ्गलाई नमिल्दो किसिमले चलाउने गर्नाले, बलियोसँग कुस्ती खेल्नाले, कठिन खालका परिश्रम गर्नाले जस्ता कारणले अत्यन्त विकृत र उत्तेजित हुन पुगेको शरीर भित्रको वायुले साना आन्धालाई दूषित पार्दै त्यसलाई तलतिर धकेलेर लैजान्छ । जब त्यो वायु अण्डकोशको जोर्नीमा पुग्दछ तब त्यहाँ रहेका जोर्नीलाई गाँठो जस्तो बनाएर फुलाउन थाल्दछ । यसलाई अन्त्रविकारजन्य वृद्धि भनिन्छ ।

उपेक्ष्यमाणस्य च मुष्कवृद्धिमाध्मानरुक्स्तम्भवतीं स वायुः ।
प्रपीडितोऽन्त स्वनवान्प्रयाति प्रध्मापयन्नेति पुनश्च मुक्तः ॥
(अन्त्रं विगुणमादाय वातो नयति वङ्क्षणम् । वङ्क्षणात्तद्रुजायुक्तं फलकोषं प्रपद्यते ॥)

जसले अन्त्रवृद्धिलाई बेवास्ता गर्दछ तब उसको पेट फुल्दछ, अण्डकोश बढेर दुख्न थाल्दछ र शरीर जकडिएको जस्तो हुन्छ । यस्तो वृद्धिमा हातले थिच्दा आवाज निकाल्दै भित्रतिर बस्दछ र दबाउँदा सानो हुने र पुनः फुल्ने गर्दछ ।

यस्यान्त्रावयवा(वैः)श्लेष्मो(मा) मुष्कयोर्वातसञ्चयात् ।
अन्त्रवृद्धिरसाध्योऽयं वातवृद्धिसमाकृतिः ॥

जुन अवस्थामा वायु जम्मा भएर दुवै अण्डकोशमा आन्द्राको अंश पनि मिसिन्छ र त्यो वातविकारजन्य वृद्धिको जत्रो हुन पुग्दछ त्यस्तो अन्त्रवृद्धिको उपचार प्रायः असम्भव हुन्छ ।

(घ) सुश्रुत संहिता :

भारहरणबलवद्विग्रहवृक्षप्रपतनादिभिरायासविशेषैर्वायुरभिप्रवृद्ध प्रकुपितश्च स्थूलान्त्रस्येतरस्य चैकदेशं विगुणमादायाधो गत्वा वङ्क्षासन्धिमुपेत्य ग्रन्थिरूपेण स्थित्वाऽप्रतिक्रियमाणे च कालान्तरेणफलकोशं प्रविश्य मुष्कशोफमापादयति, आध्मातो बस्तिरिवाततः प्रदीर्घः स शोफो भवति सशब्दमवपीडितश्चोर्ध्वमुपैति, विमुक्तश्चपुनराध्मायते तामन्त्रवृद्धिमसाध्यामित्याचक्षते॥

भारी उठाउनाले, बलियो मानिससँग कुस्ती खेल्नाले, रुख (आदि) बाट लड्नाले अथवा यस्तै खालका परिश्रमजन्य कारणहरूले शरीर भित्र विभिन्न स्थानमा काम गरिरहेको वायु पहिले सोही स्थानमा धेरै नै बढ्दछ र त्यसपछि विकृत एवं उत्तेजित भई मोटो आन्द्राको भित्री एक भाग (उपान्त्र, सानो आन्द्रा र ठूलो आन्द्राको जोर्नीमा हुने कोमल तीन चार अमल लामो बूढी औंला जति मोटो भित्री अङ्ग) लाई दोबारेर अण्डकोशको जोर्नितिर लगी गाँठो जस्तो बनाएर राख्दछ । उपचार भएन भने केही समयपछि अण्डकोश भित्र छिरेर सुजन गराउन थाल्दछ । यसबेला हुने सुजन पेट फुल्ने रोगविशेष (आध्मान) मा मूत्राशय सुन्निए जस्तै फराकिलो र लामो हुने गर्दछ । थिच्दा आवाज निकाल्दै मास्तिर सर्दछ (अर्थात् सुन्निएको बस्दछ) र हात झिकेपछि पुनः आवाज निकाल्दै तलतिर सरेर सुन्निने गर्दछ । यसप्रकारको अन्त्रवृद्धिलाई उपचार गर्न कठिन मानिएको छ । (यो रोगलाई ब्रध्न रोग समेत मानिएको देखिन्छ । थप कुराहरू व्रध्नरोगमा बताइएको छ ।) ।

अन्त्रवृद्धि रोगले गर्ने असर

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

उपेक्षमाणस्य च मुष्कवृद्धिमाध्मानरुक्स्तम्भवतीं स वायुः ।
प्रपीडितोऽन्तः स्वनवान् प्रयाति प्रध्मापयन्नेति पुनश्च मुक्तः ॥

आन्त्रवृद्धिरोगलाई वेवास्ता गर्नाले आध्मान, पीडा र लाटोपन गराउने स्वभाव भएको वायु हातले थिच्दा आवाज आउने गरेर भित्र चल्ने गर्दछ । हात झिकेपछि पेट फुलाउँदै (आध्मान) पुनः त्यही स्थानमा आउने गर्दछ ।

आन्त्रवृद्धिरसाध्योऽयं वातवृद्धिसमाकृतिः । रूक्षकृष्णारुणसिरातन्तुजालगवाक्षितः ॥

आन्त्र-वृद्धि रोग हुँदा वास्ता नगर्नाले वातजन्य वृद्धिमा जस्तै लक्षण देखाउँदै रुखो, कालो अरुण वर्णको नसाको आँखीझ्यालजस्तो जालो बनाउँदछ र निको नहुने बन्दछ ।

(ख) गरुड पुराण :

उपेक्ष्यमाणस्य च गुल्मवृद्धिमाध्मानरुग्वै विविधाश्च रोगाः ।
सुपीडितोऽन्तः स्वनवान् प्रयाति प्रध्मापयन्नेति पुनश्च मूर्ध्नः ॥

आन्त्रवृद्धिरोगलाई बेवास्ता गरे गुल्म, आन्ध्रा सुन्निने, आध्मान आदि अनेक रोग उत्पन्न हुन्छन् । रोगी अति पीडित हुन्छ । भित्र हावा चलेको आवाज सुनिन थाल्दछ र वायु टाउकामा गएर जम्मा हुन थाल्दछ ।

अन्त्रवृद्धिको उपचार
अँडिर आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

तैलमेरण्डजं पीत्वा बलासिद्धपयोऽन्वितम् । आध्मानशूलोपचितामन्त्रवृद्धिं जयेन्नरः ॥

बलु हालेर पकाइएको अँडिरको तेल विधिपूर्वक पिउने गर्नाले आध्मान (पेट फुल्ने रोग) र शूल सहितको अन्त्रवृद्धि नाश हुन्छ । (बलु दुई तोला, दूध आठ तोला र पानी बत्तीस तोला हालेर पकाउनू । जब पानी सुकेर दूध मात्र बाँकी रहन्छ तब झिकेर छान्नू । यो दूधमा अँडिरको तेल हाली पिउने गर्नू ।) ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

तैलमेरण्डजं पीत्वा बलासिद्धं यथोचितम् । आध्मानशूलोपचितामन्त्रवृद्धिं जयेन्नरः ॥

बलु हालेर पकाइएको अँडिरको तेल विधिपूर्वक पिउने गर्नाले आध्मान (पेट फुल्ने रोग) र शूल सहितको अन्त्रवृद्धि नाश हुन्छ ।

(ग) भैषज्य रत्नावली : गन्धर्वहस्तकतैल

शतमेरण्डमूलस्य पलं शुण्ठ्या यवाढकम् । जलद्रोणे विपक्तव्यं यावत्पादावशेषितम्॥
तेन पादावशेषेण पयसा तत्समेन च । प्रस्थमेरण्डतैलस्य तन्मूलाच्च चतुष्पलम्॥
त्रिपलं शृङ्गवेरं च गर्भं दत्त्वा विपाचयेत् । तत्पिबेत्प्रयतः शुद्धो नरः क्षीरान्नभुक् सदा ॥
अन्त्रवृद्धिं जयत्याशु तैलं गन्धर्वहस्तकम्॥

अँडिरको जरा सय पल, सुठो सय पल र जौ आठ सेर लिई बेग्लाबेग्लै बत्तीस सेर पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । त्यसपछि यो काँढापानीमा दूध आठ सेर, अँडिरको तेल ६४ तोला, अँडिरको जरा १६ तोला, र अदुवा १२ तोला मिसाएर विधिपूर्वक तेल पकाउनू । पाकेपछि झिकी घिउ दलेर चिल्लो बनाइएको भाँडामा राख्नू । हरेक दिन बिहान शुद्ध भई उचित मात्रामा यो तेल पिउने गर्नू । ओखती खाने अवधिभर सधैं दूधभात मात्र खाने गर्नू । यो गन्धर्वहस्तक नामक तेलले अन्त्रवृद्धि रोगलाई अति चाँडै नाश गर्दछ ।

(घ) योग रत्नाकर :

तैलमेरण्डजं पीतं बलासिद्धं पयोन्वितम् । आध्मानशूलोपचितामन्त्रवृद्धिं जयेन्नरः ॥

अँडिरको तेललाई बलु हालेर पकाइएको दूधमा मिसाएर पिउन दिनाले आध्मान र शूल सहितको अन्त्रवृद्धि रोग नाश हुन्छ ।

गहुँत आदिको प्रयोग

(क) रसरत्नसमुच्चय :

गोमूत्रैरण्डतैलं च छागमांसरसं तथा । त्रिफलाक्वाथतुल्यांशं तैलशेषं तु पाचयेत् ॥
तत्तैलं तु पिबेत्कर्षमन्त्रवृद्धिप्रशान्तये ॥

गहुँत, अँडिरको तेल र बोकाको मासुको रस : यी तीन बराबर लिई यो बराबर त्रिफलाको काँढापानी हालेर पकाउनू । पाक्दै जाँदा तेल मात्र बाँकी भएपछि झिकेर छान्नू । यो तेल हरेक दिन एक एक कर्ष पिउनू अन्त्रवृद्धि रोग शान्त हुन्छ ।

चुत्रो आदिको प्रयोग

(क) रसरत्नसमुच्चय :

चूर्णं दारुहरिद्राया गवां मूत्रैस्त्रिनिष्ककम् । चित्रं चिरोत्थितां हन्ति अन्त्रवृद्धिं न संशयः ॥

चुत्रा (दारुहरिद्रा, Nepal barberry) को बोटको छिप्पिएको बोक्राको धूलो गहुँतमा मिसाएर पिउने गर्नाले पुरानो अन्त्रवृद्धि रोग पनि अवश्य ठिक हुन्छ ।

दही आदिको प्रयोग

(क) रसरत्नसमुच्चय :

दध्यारनालमदिरामातुलुङ्गरसैः समैः । ताम्रचूडरसैस्तुल्यं तैलं वा घृतमेव वा ॥
स्नेहशेषं पचेत्सर्वं तत्पिबेदन्त्रवृद्धिजित् ॥

दही, काँजी, मदिरा, बिमिराको रस र कुखुराको मासुको रस बराबर लिई यो सबै बराबर तेल वा घिउ हालेर मिसाई पकाउनू । जब पाकेर तेल वा घिउ मात्र बाँकी हुन्छ तब झिकेर छान्नू । यो तेल वा घिउ हरेक दिन एक एक तोला खाने गर्नाले अन्त्रवृद्धि रोग नाश हुन्छ ।

देवदार आदिको प्रयोग

(क) योग रत्नाकर :

देवदारुमिशीवासाटाकलीमूलसैन्धवैः । क्षौद्रयुक्तैश्च तैर्लेपो वृद्धिमन्त्रभवां जयेत्॥

देवदार, मदिसे सुप (जटामसी वा सुप), असुरो, टाकली (सानो ताप्रे) को जरा र सिँधेनुन बराबर लिई पिसेर महसँग मिसाई लेप दल्नाले अन्त्रवृद्धि नाश हुन्छ ।

नसा काट्ने आदि उपचार

(क) अष्टाङ्ग हृदय :

यायाद्वध्मं न चेच्छान्तिं स्नेहरेकानुवासनैः । वस्तिकर्म पुरः कृत्वा वङ्क्षणस्थं ततो दहेत्॥
अग्निना मार्गरोधार्थं मरुतोऽर्धेन्दुचक्रया । अङ्गुष्ठस्योपरि स्नाव पीतं तन्तुसमं च यत्॥
उत्क्षिप्य सूच्या तत्तिर्यग्दहेच्छित्त्वा यतो गदः । ततोऽन्यपार्श्वेऽन्ये त्वाहुर्दहेद्वाऽनामिकाङ्गुलेः॥
गुल्मेऽन्यैर्वातकफजे प्लीह्नि चायं विधिः स्मृतः । कनिष्ठिकानामिकयोर्विश्वाच्यां च यतो गदः॥

पहिले बताइएका उपचारले वा स्नेहन, रेचन, अनुवासन आदि गर्दा पनि अन्त्रवृद्धि शान्त भएन भने पहिले निरूहण वस्ति दिनू र मलाशयलाई सफा बनाउनू । त्यसपछि अण्डकोशमा भएको वृद्धिलाई तथा वायुको मार्ग रोक्नका लागि आगोले डढाउनू । अथवा बूढीऔंला माथि रहेको पहेँलो धागोजस्तो नसालाई अर्द्धेन्दुवक्रा नामक औजारको सियोजस्तो धारले उचालेर तेर्सो पारी काट्नू । अनि यसलाई दाहकर्म गर्नू । अथवा जतातिरको भागमा वृद्धिरोग छ यसको विपरित भागको बूढीऔंलामा रहेको नसा तेर्सो काटी दाहकर्म गर्नू । अथवा चोर औंलामा रहेका माथि बताइएको जस्तो नसा तेर्सो काटी त्यसमा दाहकर्म गर्नू । कतिपय आचार्य वात-कफजन्य गुल्मरोगमा तथा फियोका रोगमा पनि यही विधिले दाहकर्म गर्नुपर्दछ भन्दछन् । विश्वाची नामक वातरोगमा जतातिर रोग छ त्यतैतिरको कान्छी र चोर औंलामा रहेको माथि बताइएको जस्तो नसा काट्नू र दाहकर्म गर्नू ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

सीवन्याः पार्श्वतोऽधस्ताद्विध्येद् ब्रीहिमुखेन वै । मुष्ककोषमगच्छन्त्या मन्त्रवृद्धो विचक्षणः॥
वातवृद्धिक्रमं कुर्यात्स्वेदं तत्राग्निना हितम्॥

अन्त्रवृद्धिमा तरल पदार्थ (पिसाब) बग्दैन भने विज्ञ वैद्यले जननेन्द्रियको तल ब्रीहिमुख नामक औजारले प्वाल पार्नु र वातविकारजन्य वृद्धिमा जसरी उपचार गर्नू । अन्त्रवृद्धिमा आगोमा सेकेर पसिना निकाल्नु हितकर हुन्छ ।

(ग) योग रत्नाकर :

मुष्ककोशमगच्छन्त्यामन्त्रवृद्धौ विचक्षणः । वातवृद्धिक्रमं कुर्याद्दाहस्तत्राग्निना हितः॥
शङ्खोपरि च कर्णान्ते त्यक्त्वा सीवनिमादरात् । व्यत्यासाद्वा शिरां विध्येदन्त्रवृद्धिनिवृत्तये॥

यदि अन्त्रवृद्धि अण्डकोशतिर गइरहेको अवस्था छैन भने वातविकारजन्य वृद्धिमा जसरी सबै उपचार गर्नू । अनि त्यस स्थानमा आगोले पोल्ने कार्य गर्नू । जुन अण्डकोशमा अन्त्रवृद्धि छ त्यसको विपरित तिरको कञ्चट माथि कानको फेदमा नसा छेड्नू । यसो गर्नाले अन्त्रवृद्धि रोग शान्त हुन्छ ।

यस्यान्त्रावयवैः श्लेष्मा मुष्कयोर्याति सञ्चयात् । अन्त्रवृद्धिरसाध्योऽयं वातवृद्धिसमाकृतिः॥

जुन आन्त्रवृद्धिमा आन्ध्राको अवयवबाट कफ निसकेर अण्डकोश भित्र छिर्दछ र भित्र जम्माा भइसकेको हुन्छ तब त्यो आन्ध्राविकारजन्य वृद्धि रोगको उपचार असम्भव हुन्छ । यसको आकार भने वातविकारजन्य वृद्धिको जत्रो हुन्छ ।

(घ) सुश्रुत संहिता :

...वर्जयेदन्त्रहैतुकीम् ॥
अप्राप्तफलकोषायां वातवृद्धिक्रमो हितः । तत्र या वङ्क्षणस्था तां दहेदर्धेन्दुवक्त्रया ॥
सम्यङ्मार्गावरोधार्थं कोशप्राप्तां तु वर्जयेत् । त्वचं भित्त्वाऽङ्गुष्ठमध्ये दहेच्चाङ्गविपर्ययात् ॥
अनेनैव विधानेन वृद्धी वातकफात्मिके । प्रदहेत् प्रयतः किन्तु स्नायुच्छेदोऽधिकस्तयोः ॥
शङ्खोपरि च कर्णान्ते त्यक्त्वा यत्नेन सेवनीम् । व्यत्यासाद्वा सिरां विध्येदन्त्रवृद्धिनिवृत्तये ॥

अण्डकोश भित्र पुगिसकेको अन्त्रवृद्धिको उपचार नगर्नू । जुन अन्त्रवृद्धि अण्डकोशमा (बाहिर तलतिर) मात्र सीमित छ त्यसलाई बढ्ने बाटो छेक्नका लागि अर्द्धेन्दुवक्त्रा नामक औजारले डाम्नू । जुन अन्त्रवृद्धि अण्डकोश भित्र छिरिसकेको छ र फर्केर जाँदैन त्यसको उपचार नगर्नू । अन्त्रवृद्धि दायाँबायाँ जतातिर भएको छ त्यसको उल्टो हातको बूढीऔंलाको छाला चिरेर त्यहाँ दाहकर्म गर्नू । वातजन्य एवं कफजन्य वृद्धिमा पनि सावधानीपूर्वक यही विधि गर्नू , तर यी रोगमा अलि गहिरो चिर्नू र दाहकर्म गर्नू । अन्त्रवृद्धि शान्त पार्न कञ्चटभन्दा माथि उल्टोतिरको कानको कोखमा छेडेर नसा काट्नू । (कानको यो नसा डाम्ने विधि सबै अवस्थामा सफल हुँदैन) ।

निसोत आदिको प्रयोग

(क) भैषज्य रत्नावली : त्रिवृतादिघृत

त्रिवृतामधुयष्ट्यम्बुपयोधरयमानिकाः । श्यामाविदारीनिश्रेयापिप्पलीगिरिमल्लिकाः ॥
घउतप्रस्थं पयःप्रस्थं दध्याढकसमन्वितम् । शतावरीरसप्रस्थं सर्वाण्येकत्र सम्पचेत् ॥
त्रिवृतादिघृतं चैतदन्त्रजान् निखिलान् गदान् । प्रमेहान्विंशति श्वासान्कुष्ठान्यर्शांसि कामलाम् ॥
हलीमकं पाण्डुरोगं गलगण्डं तथाऽर्बुदम् । विद्रधिं व्रणशोथं च हन्ति नास्त्यत्र संशयः ॥

निसोत, जेठीमधु, सुगन्धवाल, नागरमोथे, ज्वानु, कालो निसोत, विदारीकन्द, सुप, पिप्ला र ठूलोकुरोको बोक्रा बराबर लिई पिसेर आधा सेर लिनू । गाईको घिउ र दूध एक एक प्रस्थ, दही एक आढक र कुरिलोको रस एक प्रस्थ सबै मिसाएर विधिपूर्वक घिउ पकाउनू । यो त्रिवृतादिघृतले आन्ध्राजन्य सबै रोग, बीस प्रकारका प्रमेह, दम, कुष्ठ, हर्सा, कमलपित्त, पाण्डु, गलगण्ड, अर्बुद, विद्रधि र व्रणशोध आदि गरिएका रोग तत्काल नाश गर्दछ । यसमा शङ्का छैन ।

पारोभस्म आदिको प्रयोग

(क) भावप्रकाश संहिता, योग रत्नाकर :

**शुद्धसूतं तथा गन्धं मृतान्येतानि योजयेत् । लोहं वरं तथा ताम्रं कांस्यञ्चाथ विशोधितम् ॥
तालकं तुत्थकञ्चापि तथा शङ्खवराटकम् । त्रिकटु त्रिफलां चव्यं विडङ्गं वृद्धदारकम् ॥
कर्चूरं मागधीमूलं पाठां सहवु(पु)षां वचाम् । एलाबीजं देवकाष्ठं तथा लवणपञ्चकम् ॥
एतानि समभागानि चूर्णयेदथ कारयेत् । कषायेण हरीतक्या वटिकां टङ्कसम्मिताम् ॥
एकां तां वटिकां यस्तु निर्गिलेद्वारिणा सह । अण्डवृद्धिरसाध्यापि तथ्यं नश्यति सत्वरम् ॥**

शुद्ध पारोभस्म, शुद्ध गन्धक, शुद्ध लोहभस्म, शुद्ध ताम्रभस्म, शुद्ध कांस्यभस्म, शुद्ध हरितालको भस्म, शुद्ध तुथो, शङ्खभस्म, कौडीको भस्म, सुठो, मरिच, पिप्ला, हर्रो, बर्रो, अमला, चाभो, वायुविडङ्ग, तीनधारे सिउँडी (वृद्धदारक), कचूर, पिप्लाको जरा, गुन्दरगानु, गन्धपलाश, बोझो, अलैंचीका गेडा, देवदार र पाँच थरी नुन बराबर लिई धूलो बनाएर हर्रोको काँढापानीमा पकाउनू र दुई दुई रत्तीका गोली बनाउनू । यो गोली हरेक दिन पानीले निल्ने गरेमा अन्त्रजन्य कडा वृद्धिरोग पनि तत्काल नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली : वातारिरस

**रसभागो भवेदेको गन्धको द्विगुणो मतः । त्रिगुणा त्रिफला ग्राह्या चतुर्भागश्च चित्रकः ॥
गुग्गुलुः पञ्चभागः स्यादेरण्डतैलमर्दितः । क्षिप्त्वाऽत्र पूर्वकं चूर्णं तेनैव सह मर्दयेत् ॥
गुडिकां कर्षमानां तु भक्षयेत्प्रातरेव हि । नागरैरण्डमूलानां क्वाथं तदनु पाययेत् ॥
अभ्यज्यैरण्डतैलेन स्वेदयेत्पृष्ठदेशकम् । विरेके तेन सञ्जाते स्निग्धमुष्णं च भोजयेत् ॥
वातारिसंज्ञको ह्येष रसो निर्वातसेवितः । अन्त्रवृद्धिं निहन्त्येव ब्रह्मचर्यपुरःसरम् ॥
अनुपानं च तिलजमार्द्रकद्रवसंयुतम् ॥**

प्रशोधित पारोभस्म एक भाग, शुद्ध गन्धक दुई भाग, त्रिफला तीन भाग, चितू चार भाग र अँडिरकोतेलमा घोटिएको गोकुलधूप पाँच भाग लिनू । माथि बताइएको ओखतीको धूलो गोकुलधूपमा मिसाएर अँडिरको तेलमा राम्ररी पिस्नू । त्यसपछि एक एक तोलाका गोली बनाएर राख्नू । यसबाट हरेक दिन बिहान एक एक गोली निकालेर खाने गर्नू । त्यसपछि सुठो र अँडिरको जरा हालेर पकाइएको काँढापानी पिउने गर्नू । यसरी खाने गरी रोगीको ढाडमा अँडिरको तेल दलेर मालिस गरी सेकेर पसिना निकाल्ने गर्नू । यसपछि दिसा लाग्दछ । दिसा भएपछि रोगीलाई चिल्ला र ताता पदार्थ खुवाउनू । यो वातारि नामक रसलाई सोझै हावाले नहान्ने स्थानमा बसेर खाने गर्नाले अन्त्रवृद्धि रोग अवश्य नाश हुन्छ । यो ओखती खाने अवधिमा ओखती खाएपछि तिलको फूलमा अदुवा रस मिसाएर पिउने गर्नू र ब्रह्मचर्यमा रहनू ।

वृद्धिबाधिकावटी

शुद्धसूतं तथा गन्धं मृतान्येतानि योजयेत् । लौहं वङ्गं तथा ताम्रं कांस्यं चाथ विशोधितम् ॥

तालकं तुत्थकं चापि तथा शङ्खवराटिकम् । त्रिकटु त्रिफला चव्यं विडङ्गं वृद्धदारकम्॥
कर्चूरं मागधीमूलं पाठां सहबुषां वचाम् । एलाबीजं देवकाष्ठं तथा लवणपञ्चकम्॥
एतानि समभागानि चूर्णयेदथ कारयेत् । कषायेण हरीतक्या वटिकां टङ्कसम्मिताम्॥
एकां तां वटिकां यस्तु निर्गिलेद्वारिणा सह । अन्त्रवृद्धिरसाध्याऽपि तस्य नश्यति सत्वरम्॥

प्रशोधित पारोभस्म, शुद्ध गन्धक, लोहभस्म, राङभस्म, ताम्रभस्म, काँसभस्म, हरिताल, निलोतुथो, शङ्खभस्म, कौडीको भस्म, सुठो, मरिच, पिप्ला, हर्रो, बर्रो, अमला, चाभो, वायुविडङ्ग, त्रिधारा, कचूर, पिप्लाको जरा, गुन्द्रगानु, हपुषा, बोझो, अलैंचीका बीज, देवदार र पाँच थरी नुन : यी ओखती बराबर मिसाएर हर्रोको काँढापानीमा पिस्नू । चार चार मासाका गोली बनाउनू । हरेक दिन बिहान एक उक गोली पानीसँग निल्ने गर्नू । ठिक नहुने खालको अन्त्रवृद्धि रोग पनि चाँडै ठिक हुन्छ ।

रसराजेन्द्र

हिङ्गुलोत्थं रसं गन्धं केशराजाम्बुशोधितम् । रसार्द्धं हेमतारं च नागं हेमार्द्धकं तथा॥
क्षिप्त्वा खल्लतले पश्चाद्वासाक्वाथेन भावयेत् ।
काकमाच्याश्चित्रकस्य निर्गुण्ड्याः कुटजस्य च॥
स्थलपद्मस्योत्पलस्य सप्तकृत्वो द्रवैःपृथक् । ततो रक्तिमिताः कुर्याद्वटीश्चण्डांशुशोषिताः॥
अन्त्रजान्निखिलान्रोगान्सर्वदोषेद्भवांस्तथा । हन्त्ययं रसराजेन्द्रो मृगराजो यथा मृगान्॥

हिङ्गुलीबाट निकालिएको पारो एक तोला, भृङ्गिराजमा शुद्ध पारिएको गन्धक एक तोला, स्वर्णभस्म छ मासा, रतजभस्म छ मासा र सीसाभस्म तीन मासा लिनू । सबैलाई ओखलमा राखी असुरोको रसमा पिस्नू । त्यसपछि कवई, चितू, बैजनी रङको फूल फुल्ने सिमाली, इन्द्रजौ, स्थलकमल, र नीलकमलको रसमा क्रमशः बेग्लाबेग्लै भिजाउनू । त्यसपछि घाममा सुकाएर एक एक रत्तीका आकर्षक गोली बनाउनू । यो रसराजेन्द्रयोग विधिपूर्वक खाने गर्नाले आन्द्रासम्बन्धी अनेक रोग सिंहले मृगको बथानलाई नाश पारेजसरी नाश हुन्छ ।

(ग) रसरत्नसमुच्चय : वातारि रस

रसभागो भवेदेको द्विगुणो गन्धको मतः । त्रिभागा त्रिफला ग्राह्या चतुर्भागश्च चित्रकः॥
गुग्गुलुः पञ्चभागः स्यादेरण्डस्नेहमर्दितः । क्षिप्त्वात्र पूर्वकं चूर्णं पुनस्तेनैव मर्दयेत्॥
गुटिकां कर्षमात्रां तु भक्षयेत्प्रातरेव हि । नागरैरण्डमूलानां क्वाथं तदनु पाययेत्॥
अभ्यज्यैरण्डतैलेन स्वेदयेत्पृष्ठदेशकम् । विरेके तेन सञ्जाते स्निग्धमुष्णं च भोजयेत्॥
वातारिसंज्ञको ह्येष रसो निर्वातसेवितः । मासेन सुखयत्येव ब्रह्मचर्यपुरःसरः॥

पारो एक भाग, गन्धक दुई भाग, त्रिफला (बराबर मिसाइएको) तीन भाग, चितू चार भाग र शुद्ध गोकुलधूप पाँच भाग लिनू । पहिले गोकुलधूपलाई अँडिरको तेलमा घोटी त्यसमा अन्य ओखतीको धूलो मिसाउनू र पिस्नू । आवश्यक ठानिए थप अलिकति तेल हालेर एक एक कर्षकी गोली बनाउनू । त्यसमध्येबाट हरेक दिन बिहान एक एक गोली खुवाएर त्यसपछिसुठो र अँडिरको जराको काँढापानी पिउन दिनू । यसपछि ढाडमा अँडिरको तेल दलेर मालिस गर्नू, हल्का किसिमले सेक्नू ।

यसो गर्नाले जब रोगीलाई दिसा लाग्दछ र भोक लाग्दछ तब उसलाई चिल्ला र ताता पदार्थ भोजनमा खान दिनू । यो वातारि रसको प्रयोग हावाले सोझै नहान्ने स्थानमा बसेर गर्नू । एक महिनासम्म ब्रह्मचर्यमा सबी यो रस खानाले अन्त्रवृद्धि रोग अवश्य ठिक हुन्छ ।

रसो वातारिनामा यः सोऽत्र देयः पिबेदनु॥
एरण्डतैलकर्षैकं गवां क्षीरं पलद्वयम् । अण्त्रवृद्धिहरं ख्यातं मासमात्रान्न संशयः॥

वातारि रस पिएपछि दुई पल गाईको दूधमा एक तोला अँडिरको तेल मिसाएर पिउने गर्नू । यसरी यो रस एक महिनासम्म पिउने गर्नाले अण्त्रवृद्धि रोग अवश्य नाश हुन्छ ।

पिप्ला आदिको प्रयोग

(क) योग रत्नाकर :

पिप्पली जीरकं कुष्ठं बदरं शुष्कगोमयम् । काञ्जिकेन प्रलेपोऽयमन्त्रवृद्धिविनाशनः ॥

पिप्ला, सेतो जिरा, कूट, बयर र सुकेको गोबर बराबर लिई पिसेर काँजीमा मिसाई लेप दल्नाले अन्त्रवृद्धि रोग शान्त हुन्छ ।

फ्याक्सेकन्द आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर :

रास्नायष्ट्यमृतैरण्डबलागोक्षुरसाधितः । क्वाथोऽन्त्रवृद्धिं हन्त्याशु रुबुतैलेन मिश्रितः ॥

फ्याक्सेकन्द, जेठीमधु, गुर्जो, अँडिरको जरा, बलु र ओदानेकाँडो हालेर पकाइएको काँढापानी अँडिरको तेल मिसाएर पिउने गर्नाले अन्त्रवृद्धि रोग तत्काल नाश हुन्छ ।

(ख) भावप्रकाश संहिता :

रास्नायष्ट्यमृतैरण्डबलारग्वधगोक्षुरैः । पटोलेन वृषेणापि विधिना विहितं शृतम् ॥
रुबुतैलेन संयुक्तमन्त्रवृद्धिं व्यपोहति ॥

फ्याक्सेकन्द, जेठीमधु, अँडिर, बलु, राजवृक्ष, ओदानेकाँडो, परबर र असुरो मिसाएर पकाइएको काँढापानीमा अँडिरको तेल हालेर पिउने गर्नाले अन्त्रवृद्धि नाश हुन्छ । (यसलाई रास्नादिक्वाथ भनिन्छ) ।

मासु आदिको प्रयोग

(क) रसरत्नसमुच्चय :

अन्त्रवृद्धिहरं पाने मयूरतित्तिराद्रसम् ।

अन्त्रवृद्धि रोगमा मयुर वा तित्राको मासुको रस पिउने गर्नु हितकर हुन्छ ।

वार्ताकं कुक्कुटं पक्त्वा तद्रसं पानभोजने॥ योजयेदन्त्रवृद्ध्यार्ते शममाप्नोति नान्यथा॥

भन्टा र कुखुराको मासु मिसाई पकाएर त्यो रस खानपिनमा प्रयोग गर्नाले अन्त्रवृद्धि रोगको पीडा चाँडै शान्त हुन्छ । उपचार नगरी यो वृद्धिरोगबाट मुक्त हुन प्रायः असम्भव हुन्छ ।

लोहभस्म आदिको प्रयोग

(क) भैषज्य रत्नावली : शशिशेखररस

लौहमभ्रं च सिन्दूरं मर्दयेत्कन्यकाम्बुना । अस्य रक्तिद्वयं दद्यादन्त्ररोगनिवृत्तये ॥

लोहभस्म, अभ्रखभस्म र सिन्दूर घिउकुमारीको रसमा पिस्नू । त्यसपछि दुई दुई रत्तीका गोली बनाउनू । यो खाने गर्नाले अन्त्रवृद्धि रोग नाश हुन्छ ।

वातजन्य वृद्धिको जसरी उपचार गर्नू

(क) अष्टाङ्ग सङ्ग्रह :

आन्त्रवृद्धिं फलकोशमसंप्राप्तं वातवृद्धिवदुपचरेत् ।

आन्ध्रविकारजन्य वृद्धि भएमा वातविकारजन्य वृद्धिमा जसरी उपचार गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

...अन्त्रहेतुके । फलकोशमसम्प्राप्ते चिकित्सा वातवृद्धिवत् ॥

अन्त्रजन्य वृद्धि यदि अण्डकोशसम्म पुगेको छैन भने त्यसको उपचार वातविकारजन्य वृद्धिको जसरी नै गर्नू ।

विजयागुटिका आदिको प्रयोग

(क) रसरत्नसमुच्चय :

विजयागुटिकां रात्रौ स्वल्पमात्रां च भक्षयेत् ।
कर्षैकं तिलतैलं च पलैकं चार्द्रकद्रवम् ॥
यः पिबेत्प्रातरुत्थाय तस्याऽन्त्रवृद्धिर्हद्भवेत् ॥३७॥

रातमा विजयावटी नामक ओखती थोरै खानू । बिहान एक कर्ष तिलको तेल एक पल अदुवाको रसमा मिसाएर पिउनू । यसो गर्नाले पनि अन्त्रवृद्धि रोग नाश गर्दछ ।

कफविकारजन्य वृद्धिरोगको लक्षण
(Chronic or Tuberular Orchitis)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कफाच्छीतो गुरुः स्निग्धः कण्डूमान्कठिनोऽल्परुक् ।

छाम्दा चिसो, भारी, चिल्लो, चिलाउने, साह्रो र कम दुख्ने खालको वृद्धिलाई कफविकारजन्य वृद्धि भनिन्छ ।

(ख) गरुडपुराण :

कफात्तीव्रो गुरुः स्निग्धः कण्डूमान्कठिनाल्परुक्॥२५॥

कफजन्य वृद्धिमा धेरै बढ्ने, साह्रो, चिल्लो र चिलाउने गर्दछ तर कम दुख्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

कफाच्छीतो गुरुः स्निग्धः कण्डूमान्कठिनोऽल्परुक्॥

अण्डकोश चिसो हुने, भारी हुने, चिल्लो हुने, चिलाउने, साह्रो हुने र अलिअलि दुख्ने वृद्धिलाई कफविकारजन्य वृद्धि भनिन्छ ।

(घ) सुश्रुत संहिता :

कठिनामल्पवेदनां शीतां कण्डूमतीं श्लेष्मवृद्धिं;

अण्डकोश छाम्दा साह्रो हुनु, कम दुख्नु, छुँदा चिसो हुनु र चिलाइरहनु : यी कफजन्य वृद्धिका लक्षण हुन् ।

(ङ) हारीत संहिता :

कफाद्घनश्च शोषश्च कठिनोवृषणो भवेत् ।

कफजन्य वृद्धिरोगमा अण्डकोश कडा, सुक्ने र साह्रो हुने गर्दछ ।

उपचार
उष्णवीर्यका ओखतीको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

श्लेष्मवृद्धिं तूष्णबीर्यैर्मूत्रपिष्टैः प्रलेपयेत् ।

कफविकारजन्य वृद्धिरोगमा उष्णवीर्यका ओखतीको लेप बनाई दल्ने गर्नू ।

(ख) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद, वैद्यरहस्य :

लेपनाः कटुतीक्ष्णोष्णाः स्वेदनं सूक्ष्ममेव च । परिषेकोपनाहौ च सर्वमुष्णमिहेष्यते ॥

कफविकाजन्य वृद्धिमा पिरो, तिक्खर, उष्णवीर्यका र सूक्ष्म ओखतीले स्वेदन, धुने कार्य र उपनाह बाँध्ने गर्नुपर्दछ ।

(ग) योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

कफवृद्धौ मूत्रपिष्टैरुष्णवीर्यैः प्रलेपनम् ।

कफविकारजन्य वृद्धिमा उष्णवीर्यका ओखती गहुँतमा पिसेर लेप दल्नू ।

(घ) सुश्रुत संहिता :

वृद्धिं कफात्मिकामुष्णैर्मूत्रपिष्टैः प्रलेपयेत् ॥

कफजन्य वृद्धिमा उष्णवीर्यका ओखती (वचादि गण, पिप्पल्यादि गण वा मिश्रक अध्यायमा बताइएका अजगन्धादि गण) गहुँतमा पिसेर लेप दल्नू ।

खटिराको जसरी उपचार गर्नू

(क) अष्टाङ्ग सङ्ग्रह :

पक्वं च पाटितं श्लेष्मव्रणवत् ।

(कफजन्य वृद्धिरोग) पाकेमा कफविकारजन्य खटिराको जसरी चिरफार गर्नू ।

ग्रन्थि रोगको जसरी उपचार गर्नू

(क) अष्टाङ्ग सङ्ग्रह :

कफग्रन्थिवच्च सर्वं विम्लापनवर्ज्यमाचरेत् ।

(कफजन्य वृद्धिरोगमा) निचोर्ने बाहेकका सबै उपचार कफविकारजन्य ग्रन्थिको जसरी गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

विम्लापनादृते चास्य श्लेष्मग्रन्थिक्रमो हितः॥

(कफविकारजन्य वृद्धिरोगमा) निचोर्ने बाहेकका सबै उपचार कफग्रन्थिको जसरी गर्नु हितकर हुन्छ ।

(ग) सुश्रुत संहिता :

विम्लापनादृते वाऽपि श्लेष्मग्रन्थिक्रमो हितः॥

(कफजन्य वृद्धिमा) निचोर्ने बाहेकका सबै उपचार कफजन्य ग्रन्थि रोगको जसरी नै गर्नू ।

चुत्रो आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

पिबेच्च पीतदारुकषायं मूत्रेण ।

(कफजन्य वृद्धिरोगका) रोगीले चुत्रो र गहुँत मिसाएर पकाइएको काँढापानी पिउने गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

गोमूत्रेण पिबेत्कल्कं श्लैष्मिके पीतदारुजम् ।

कफविकारजन्य वृद्धिरोगमा चुत्रोको धूलो गहुँतसँग खानू ।

(ग) चक्रदत्त, भैषज्य रत्नावली :

(कफजन्य वृद्धिरोगमा) पीतदारुकषायं च पिबेन्मुत्रेण संयुतम् ॥

चुत्रोको बोक्राको काँढापानी गहुँतमा मिसाएर पिउने गर्नू ।

(घ) योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

पातव्यो मूत्रसंयुक्तः कषायः पीतदारुणः ॥

(कफविकारजन्य वृद्धिमा) चुत्रो (वा देवदार) को काँढापानी गहुँतमा मिसाएर पिउने गर्नू ।

(ङ) सुश्रुत संहिता :

पीतदारुकषायं च पिबेन्मूत्रेण संयुतम् ।

(कफजन्य वृद्धिमा) चुत्रोको (अथवा हलेदोको) काँढापानी गहुँतमा मिसाएर पिउनू ।

तेलको प्रयोग

(क) अष्टाङ्ग हृदय :

पक्वे च पाटिते तैलमिष्यते व्रणशोधनम् । सुमनोऽरुष्कराङ्कोल्लसप्तपर्णेषु साधितम् ॥
पटोलनिम्बरजनीविडङ्गकुटजेषु च ।

(कफविकारजन्य वृद्धिरोग) पाकेका अवस्थामा चिर्ने फोर्ने आदि गरी घाउ सफा गर्न तेलको प्रयोग गर्नू । यस्तो तेल तुलसीका पात, भलायो, अम्फीफल र छतिवन हालेर तयार पार्नू । अथवा परबरका पात, नीमका पात, हलेदो, वायुविडङ्ग र ठूलोकुरो हालेर तयार पारिएको तेल होस् ।

(ख) सुश्रुत संहिता :

पक्वायां च विभिन्नायां तैलं शोधनमिष्यते । सुमनारुष्कराङ्कोठसप्तपर्णेषु साधितम् ॥

(कफजन्य वृद्धि) पाकेमा वा फुटेमा चिरेर चमेली, भलायो, अम्फीफल, छतिवनको लेदो वा धूलो एवं काँढापानीमा पकाइएको तेललाई घाउ प्रशोधनका लागि प्रयोग गर्नू ।

त्रिकटु आदिको प्रयोग

(क) भावप्रकाश संहिता, भैषज्य रत्नावली, वैद्य रहस्य :

त्रिकटुत्रिफलाक्वाथं सक्षारलवणं पिबेत् । विरेचनमिदं श्रेष्ठं कफवृद्धिविनाशनम्॥

सुठो, मरिच, पिप्ला, हर्रो, बर्रो र अमला मिसाई काँढापानी पकाएर त्यसमा जवाखार र सिँधेनुन मिसाएर पिउने गर्नाले कफविकारजन्य वृद्धिरोग नाश हुन्छ ।

(ख) योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

त्रिकटुत्रिफलाक्वाथं सक्षारलवणं पिबेत् । कफवातात्मकोपघ्नं विरेकात्कफवृद्धिजित्॥

त्रिकटु र त्रिफला बराबर मिसाई त्यसमा जवाखार र सिँधेनुन मिसाएर पिउन दिनू । यसले कफ र वातको विकार नाश गर्दछ । यसले विरेचन पनि गनाउने हो भने कफविकारजन्य वृद्धि पनि शान्त हुन्छ ।

बोझो आदिको प्रयोग

(क) हारीत संहिता :

वचालवणतोयेन कदम्बार्जुनसर्षपैः । कषायसेवनैः प्रोक्तं कफमुष्केऽहितापहम् ॥

कफजन्य वृद्धिरोगमा बोझो, सिँधेनुन, कदम, काउलो र सर्सिउँ हालेर पकाइएको काँढापानी पिउनु हितकर हुन्छ ।

सुजन रोगको जसरी उपचार गर्नू

(क) अष्टाङ्ग सङ्ग्रह :

कफवृद्धिमपि कफशोफवत् ।

कफविकारजन्य वृद्धिमा कफविकारजन्य सुजनमा जसरी उपचार गर्नू ।

पित्तविकारजन्य वृद्धिरोगको लक्षण
(Acute or Subacute Orchitis)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, गरुड महापुराण :

पक्वोदुम्बरसङ्काशः पित्ताद्दाहोष्मपाकवान्॥

पाकेको ठूलो जातको डुम्री जस्तो रातो रङको, डाह गर्ने, तातो हुने र पाक्ने खालको वृद्धिलाई पित्तविकारजन्य वृद्धि भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :

पक्वोदुम्बरसङ्काशः पित्ताद्दाहोष्मपाकवान्॥ (दाहः-आभ्यन्तरः । ऊष्मा-बहिस्तप्तता ।)

अण्डकोश पाकेको ठूलो जातको डुम्री जस्तो हुने, भित्र र बाहिर डाह हुने, बाहिर तातो हुने र पाक्ने खालको वृद्धिलाई पित्तविकारजन्य वृद्धि भनिन्छ ।

(ग) सुश्रुत संहिता :

पक्वोदुम्बरसङ्काशांज्वरदाहोष्मवतीं चाशुसमुत्थानपाकां पित्तवृद्धिं,

अण्डकोश पाकेको डुम्रीको फल जस्तो हुनु, जरो आउनु, डाह हुनु, तातो हुनु, चाँडै च्याप्ने हुनु र चाँडै पाक्न थाल्नु : यी पित्तजन्य वृद्धिका लक्षण हुन् ।

(घ) हारीत संहिता :

... पित्तेन दाहकज्वरः॥

पित्तजन्य वृद्धिरोगमा डाह हुने जरो आउने गर्दछ ।

उपचार
खटिराको जसरी उपचार गर्नू

(क) अष्टाङ्ग सङ्ग्रह :

पक्वं च पित्तव्रणवत्॥

(पित्तविकारजन्य वृद्धि) पाकेमा पित्तविकारजन्य खटिराको जसरी उपचार गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

पित्तरक्तोद्भवे वृद्धावामपक्वे यथायथम् । शोफव्रणक्रियां कुर्यात् ...।

पित्तविकारजन्य वृद्धिमा नपाकेका अवस्थामा व्रणशोथमा जस्तै यथायोग्य उपचार गर्नू । (पित्तविकारजन्य वृद्धि) पाकेमा खटिराको जसरी नै उपचार गर्नू ।

ग्रन्थिको जसरी उपचार गर्नू

(क) भावप्रकाश संहिता :

पित्तग्रन्थिक्रमेणैव पित्तवृद्धिमुपाचरेत् ।

पित्तग्रन्थिको जसरी नै पित्तविकारजन्य वृद्धिको उपचार गर्नुपर्दछ ।

(ख) सुश्रुत संहिता :

पित्तजायामपक्वायां पित्तग्रन्थिक्रमो हितः ॥
पक्वां वा भेदयेद्भिन्नां शोधयेत् क्षौद्रसर्पिषा । शुद्धायां च भिषग्दद्यात्तैलं कल्कं च रोपणम् ॥

पित्तजन्य नपाकेको वृद्धिमा पित्तग्रन्थिको जसरी उपचार गर्नू । पाकेमा चिर्नू । चिरेपछि मह र घिउ दलेर घाउ प्रशोधन गर्नू । शुद्ध भएपछि घाउ भर्ने खालको तेल (द्विव्रणीय वा मिश्रक अध्यायमा बताइएका) को प्रयोग गर्नू ।

चन्दन आदिको प्रयोग

(क) चक्रदत्त :

चन्दनं मधुकं पद्ममुशीरं नीलमुत्पलम् । क्षीरपिष्टैः प्रदेहः स्याद्दाहशोथरुजापहः ॥

चन्दन, जेठीमधु, कमलको फूल, खस र नीलकमल दूधमा पिसेर लेप बनाई दल्ने गरिएमा पित्तविकारजन्य वृद्धिरोगको डाह, सुजन र पीडा नष्ट हुन्छ ।

(ख) भावप्रकाश संहिता, वैद्य रहस्य :

चन्दनं मधुकं पद्ममुशीरं नीलमुत्पलम् । क्षीरपिष्टं प्रलेपेन दाहशोथरुजाऽपहम् ॥

रातोचन्दन, जेठीमधु, कमल, खस र नीलकमल मिसाई दूधमा पिसेर लेप दल्ने गर्नाले पित्तविकारजन्य वृद्धि र त्यसले गर्ने डाह शान्त हुन्छ ।

(ग) योग रत्नाकर :

चन्दनं मधुकं पद्ममुशीरं नीलमुत्पलम् । क्षीरपिष्टैः प्रदेहः स्यात्पित्तवृद्धिरुजापहम् ॥

रातोचन्दन, जेठीमधु, कमल, खस र नीलकमल बराबर भागमा लिई दूधमा पिसेर लेप दल्नाले पित्तवृद्धिको पीडा नाश हुन्छ ।

(घ) वङ्गसेन आयुर्वेद :

चन्दनं मधुकं पद्मं चोशीरं नीलमुत्पलम् । क्षीरपिष्टैः प्रदेहः स्याद्दाहशोथरुजापहम् ॥

रातोचन्दन, जेठीमधु, कमल, खस र नीलकमल बराबर भागमा लिई दूधमा पिसेर लेप दल्नाले पित्तविकारजन्य वृद्धिरोगको डाह, सुजन र पीडा नाश हुन्छ ।

चितू आदिको प्रयोग

(क) हारीत संहिता :

अरुणवरुणकोलं च शालिपर्णी शतावरी । क्वाथः पित्तसन्निपातमुष्कवृद्धौ विदां वर ॥

पित्तजन्य र सन्निपातजन्य वृद्धिरोगमा चितू, सिप्लिकान, बयर, साकिनु र कुरिलोको काँढापानी पिउनु हितकर हुन्छ ।

जूका आदिको प्रयोग

(क) भावप्रकाश संहिता, वैद्य रहस्य :

जलौकाभिर्हरेद्रक्तं वृद्धौ पित्तसमुद्भवे ॥

यो रोगमा जूकाले टोकाएर रगत निकाल्नु पर्दछ ।

पञ्चवल्कल आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

पञ्चवल्कलकल्केन सघृतेन प्रलेपनम् । सर्वं पित्तहरं कार्यं ...।

पित्तविकारजन्य वृद्धिरोग पञ्चवल्कलको लेदो घिउमा मिसाएर लेप बनाई दल्ने गर्नू ।

(ख) योग रत्नाकर :

पञ्चवल्कलकल्केन सघृतेन प्रलेपनम् । पानं वाऽपि कषायस्य पित्तवृद्धौ प्रशस्यते॥

पञ्चवल्कलको बोक्रा धूलो बनाई घिउमा मिसाएर दल्ने गर्नाले तथा यिनै ओखतीको काँढापानी पनि पिउने गर्नाले पित्तविकारजन्य वृद्धि शान्त हुन्छ ।

(ग) वङ्गसेन आयुर्वेद :

पञ्चवल्कलकल्केन सघृतेन प्रलेपनम् । एषामेव कषायेण शीतेन परिषेचनम्॥

पञ्चवल्कलको लेदो वा धूलो घिउमा मिसएर लेप बनाई दल्ने गरिएमा तथा यिनै ओखतीको काँढापानी सेलाएर पखाल्ने गरिएमा पित्तविकारजन्य वृद्धिरोगमा हुने डाह, सुजन र पीडा शान्त हुन्छ ।

पञ्चवल्कल : बर, पीपल, पाडरी, डुम्री र बेत वा शिरीषको बोक्रालाई पञ्चवल्कल भनिन्छ) ।

शीतल उपचार

(क) हारीत संहिता :

शीततोयावगाहो वा शीतसंसेवनं तथा॥ शीतशीतैश्चलेपश्च पित्तमुष्के प्रशस्यते॥

पित्तजन्य वृद्धिरोगमा चिसोपानीमा पौडी खेल्नु, शीतल पदार्थ खानपिन गर्नु र शीतल ओखतीको लेप दल्नु हितकर हुन्छ ।

सुजनको जसरी उपचार गर्नू

(क) अष्टाङ्ग सङ्ग्रह :

पित्तवृद्धिं पित्तशोफवत् ।

पित्तविकारजन्य वृद्धि हुँदा पित्तविकारजन्य सुजनमा जसरी उपचार गर्नू ।

बोसोविकारजन्य वृद्धिरोगको लक्षण
(Scrotal Elephantiasis or simple tumour)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कफवन्मेदसा वृद्धिर्मृदुस्तालफलोपमः ।

कफविकारले हुने वृद्धि जस्तै बोसोजन्य वृद्धिका लक्षणहरू हुन्छन् । तर यो कोमल र ताडफलको जस्तो चिप्लिने खालको हुन्छ ।

(ख) गरुडपुराण :

कफवन्मेदसां वृद्धिर्मृदुतालफलोपमः ॥

बोसोजन्य वृद्धिमा नरम, ताडीको फलको आकार हुन्छ । यसका अन्य लक्षण कफजन्य वृद्धिको जस्तै हुन्छ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :

कफवन्मेदसो वृद्धिर्मृदुस्तालफलोपमः ॥

अण्डकोश नरम हुने, ताडको फलजस्तो नीलो र गोलो हुने र कफविकारजन्य वृद्धिका लक्षण देखिने वृद्धिलाई बोसोविकारजन्य वृद्धि भनिन्छ ।

(घ) सुश्रुत संहिता :

मृदुस्निग्धां कण्डूमतीमल्पवेदनां तालफलप्रकाशां मेदोवृद्धिं,

अण्डकोश छाम्दा कोमल हुनु, चिल्लो हुनु, चिलाउनु, हल्का दुख्नु र ताडको फलजस्तो हुनु : यी बोसोजन्य वृद्धिका लक्षण हुन् ।

बोसोविकारजन्य वृद्धिरोगको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

मेदोवृद्धिं गवादिकरीषतुषकिण्वसुरसादिभिरुष्णरूक्षैर्मूत्रयुक्तैः स्वेदयित्वा पुनस्तद्विधैरेव सुखोष्णैः सोत्सेधं लेपयेत् । तद्वच्छिरोविरेकद्रव्यैर्वा । स्विन्नं चैवं फलसेवनीं परिहरन् वृद्धिपत्रेण विदार्यापनीयमेदः कासीससैन्धवमाक्षिकैः प्रतिसार्य सीव्येत् ।
ततः सुमनोग्रन्थिमनःशिलैलाभल्लातकैस्तैलमभ्यङ्गार्थं कुर्यात् । आव्रणसन्धानाच्च स्नेहस्वेदौ ॥

मेदजन्य वृद्धिमा गोबर, अनाजको टुँडो, कोदाको मर्चा, सुरसादि गणका उष्णवीर्यका र रुखा ओखती गहुँतमा मिसाएर स्वेदन दिनू । स्वेदन दिएपछि यिनै ओखतीको सहँदो तातो बाक्लो लेप दल्नू । अथवा शोधनादिगणमा बताइएका शिरोविरेचनमा प्रयोग हुने ओखतीको लेप दल्नू । यसरी स्वेदन गराएपछि अण्डकोशका नसा जोगाएर वृद्धिपत्र नामक औजारले चिरी बोसोविकार बाहिर निकाल्नू । यसपछि हीराकसी, सिँधेनुन र सुनामखीको धूलो छर्केर चिरेको स्थानमा सिउनू । यसपछि धतुरोको बोटको आँख्ला, मनशिला र भलायो मिसाएर विधिपूर्वक पकाइएको तेल दल्नू । घाउ निको नहुँदासम्म स्नेहन र स्वेदन गरिरहनू ।

(ख) अष्टाङ्ग हृदय :

मेदोजं मूत्रपिष्टेन सुस्विन्नं सुरसादिना ॥
शिरोविरेकद्रव्यैर्वा वर्जयन् फलसेवनीम् । दारयेद् वृद्धिपत्रेण सम्यङ् मेदसि सूद्धृते ॥
व्रणं माक्षिककासीससैन्धवप्रतिसारितम् । सीव्येदभ्यञ्जनं चाऽस्य योज्यं मेदोविशुद्धये ॥
मनःशिलैलासुमनोग्रन्थिभल्लातकैः कृतम् । तैलमाव्रणसन्धानात् स्नेहस्वेदौ च शीलयेत् ॥

बोसोविकारजन्य वृद्धिमा त्यसमाथि स्वेदन दिनू । त्यसपछि सरुादिगणको ओखती अथवा शिरोविरेचन गणका ओखतीलाई गहुँतमा पिसेर लेप दल्नू । चिरफार गर्नुभन्दा पहिले तिनै ओखतीले स्वेदन गरी अण्ड र जननेन्द्रियलाई जोगाई वृद्धिपत्र नामक औजारले चिरफार गर्नू । बोसो राम्ररी सफा गर्नू । हीराकसी र सिँधेनुनलाई मसिनो हुने गरी पिसी महमा मिसाएर घाउमा दल्नू र सिउनू । बोसो शुद्ध पार्न मैनसिला, अलैँची, तुलसीका पात, पिप्लाको जरा र भलायो मिसाएर पकाइएको तेल दल्ने गर्नू । घाउ नभरिएसम्म हल्का स्नेहन र स्वेदन गरिरहनू ।

(ग) चक्रदत्त, भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

स्विन्नमेदः समुत्थन्तु लेपयेत्सुरसादिना । शिरोविरेचनद्रव्यैः सुखोष्णैर्मूत्रसंयुतैः ॥

बोसोविकारजन्य वृद्धिमा अण्डकोशमा स्वेदन आदि कार्य गरी सुरसादिगणका सबै ओखतीको लेप दल्नू । शिरोविरेचन गर्ने ओखती गहुँतमा पिसेर मनतातो बनाई लेप दल्नू ।

(घ) भैषज्य रत्नावली :

स्विन्नं मेदःसमुत्थं च लेपयेत्सुरसादिना । शिरोविरेकद्रव्यैर्वा सुखोष्णैर्मूत्रसंयुतैः ॥

बोसोजन्य अण्डवृद्धि रोगमा अण्डकोशलाई गोबरले सेक्नू अनि बैजनी रङ्को फूल फुल्ने सिमाली, तुलसी आदि सुरसादि गणका ओखती पिसेर लेप दल्नू । अथवापिप्ला, कालो मरिच आदि शिरोविरेचक ओखती मनतातो गुहँतमा पिसेर नस्य दिनू ।

(ङ) योग रत्नाकर :

षडूषणं क्षौद्रसमं गुग्गुलुं गव्यसर्पिषा । प्रयुक्तं कुट्टच भुञ्जीत यथाग्नि दिवसानने ॥
कटुतिक्तकषायाशी मेदोवृद्धिप्रणाशनम् ॥

षडूषण (पिप्ला, पिप्लाको जरा, चाभो, चितू, सुठो र कालो मरिच) : यी सबैको धूलो एक एक भाग; शूद्ध गोकुलधूप एक भाग मिसाएर पिस्नू । जति हुन्छ त्यति नै मह मिसाउनू । त्यसमा गाईको घिउ मिसाएर आफ्नो पाचनशक्ति अनुसार बिहान बिहान खाने गर्नू । सो अवधिमा पिरा, तिता र टर्रो खानपिन गर्नू बोसोविकारजन्य वृद्धिरोग नाश हुन्छ ।

(च) सुश्रुत संहिता :

मेदःसमुत्थां संस्वेद्य लेपयेत् सुरसादिना । शिरोविरेकद्रव्यैर्वा सुखोष्णैर्मूत्रसंयुतैः ॥
स्विन्नां चावेष्ट्य पट्टेन समाश्वास्य तु मानवम् । रक्षन् फले सेवनीं च वृद्धिपत्रेण दारयेत् ॥
मेदस्ततः समुद्धृत्य दद्यात् कासीससैन्धवे । बध्नीयाच्च यथोद्दिष्टं शुद्धे तैलं च दापयेत् ॥
मनःशिलालवणैः सिद्धमारुष्करेषु च ।

मेदजन्य वृद्धिमा स्वेदन गरी सुरसादि गण अथवा पिप्ला, वायुविडङ्ग, दतिवन आदि प्रशोधक, शान्त पार्ने संशमन अध्यायमा बताइएको शिरोविरेचनका ओखती गहुँतमा पिसेर मनतातो पारी लेप दल्नू । स्वेदन दिएर र रोगीलाई आश्वस्त पारेर कपडाले बाँधी अण्डकोश र जननेन्द्रियलाई जोगाई वृद्धिपत्र नामक औजारले चिर्नू । अनि त्यो घाउबाट बोसे निकाली हिराकसी र सिँधेनुन लगाउनू । त्यसपछि गोफणिका वा स्थगिका नामक पट्टी बाँध्नू । घाउ शुद्ध भएपछि मैनसिला, हरिताल, सिँधेनुन र भलायो हाली पकाइएको तेल प्रयोग गर्नू । (कसैकसैले आवेश्य पट्टेनको अर्थ वृद्धिलाई कपडाले बेरी भनेर पनि लगाएका छन्) ।

मूत्रविकारजन्य वृद्धिरोगका लक्षण, कुरण्ड
(Hydrocele)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

मूत्रधारणशीलस्य मूत्रजः स तु गच्छतः ॥
अम्भोभिः पूर्णदृतिवत्क्षोभं याति सरुङ् मृदुः । मूत्रकृच्छ्रमधः स्याच्च वलयः फलकोशयोः ॥

पिसाब आउँदा रोकेर बस्ने आदत भएका पुरुषलाई मूत्रजन्य वृद्धि रोग हुन्छ । यो रोग लागेका पुरुषको अण्डकोश, हिँड्दा पानीले भरिएका छालाका थैली हल्लिए जसरी हल्लिन्छ । दुख्दछ तर छुँदा कोमल हुन्छ । यो रोग भएका रोगीलाई पिसाबसम्बन्धी रोग हुन्छ तथा अण्डकोशको तलतिर चाउरी परेका जस्ता रेखा देखिने गर्दछ ।

(ख) गरुडपुराण :

मूत्रधारणशीलस्य मूत्रजस्तत्र गच्छतः । अलोभः पूर्णधृतिमान्क्षोभं याति सरन्मृदु ॥
मूत्रकृच्छ्रमधस्ताच्च वलयः फलकोषयोः ।

जसले मूत्रको वेगलाई रोक्ने गर्दछ, उसलाई मूत्रजन्य वृद्धिरोग हुन्छ । यो दुख्ने र छाम्दा नरम हुने गर्दछ । यो रोगमा पिसाब फेर्न कठिनाई हुन्छ (मूत्रकृच्छ्र) । अण्डकोश बढी हल्लने गर्दछ । तल्लो भागमा गिर्खा जस्ता देखिन्छन् ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :

मूत्रधारणशीलस्य मूत्रजः स तु गच्छतः । अम्भोभिः पूर्णदृतिवत्क्षोभं याति सरुङ् मृदुः ॥
मूत्रकृच्छ्रमधः कुर्यात्सञ्चलन् फलकोषयोः ॥
(सञ्चलन्फलकोषयोः अवधः मूत्रकृच्छ्रं मूत्रे व्यथां कुर्यात् इत्यर्थः ।)

जसको पिसाब रोकेर बस्ने बानी छ उसको अण्डकोश हिँड्दा पानीले भरिएको छालाको थैलो जस्तो हल्लने, दुख्ने, छाम्दा नरम, पिसाब बन्द हुने रोग निकाल्ने र हल्लिरहने लक्षण भएको वृद्धिलाई पिसाबजन्य वृद्धिरोग भनिन्छ ।

(घ) सुश्रुत संहिता :

मूत्रसंधारणशीलस्य मूत्रवृद्धिर्भवति, सा गच्छतोऽम्बुपूर्णा दृतिरिव क्षुभ्यति,
मूत्रकृच्छ्रवेदनां वृषणयोः श्वयथुं कोशयोश्चापादयति, तां मूत्रवृद्धिं विद्यात्,

जसलाई पिसाब रोकर बस्ने आदत छ उसलाई मूत्रवृद्धि रोग हुन्छ । यो रोग हुँने पुरुष हिँडडुल गर्दा अण्डकोश पानीले भरिएको छालाको थैलो हल्लिए जसरी हल्लिन्छ । पिसाब फेर्न कठिन हुन्छ ।

अण्डकोश दुख्दछ र सुन्निन्छ । यसलाई मूत्रवृद्धि भनिन्छ ।

मूत्रविकारजन्य वृद्धिरोगको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :


मूत्रवृद्धिं स्निग्धैः स्वेदयित्वा वस्त्रपट्टेन वेष्टयेत् । ततोऽधस्तात् सेवन्या दकोदरवद्व्रीहिमुखेन भित्वा नाड्या स्रावयेत् । ततः स्थगिकाबन्धं कुर्यात् । व्रणे च शोधनरोपणानि॥

मूत्रजन्य वृद्धि हुँदा स्नेहन र स्वेदन गरेपछि कपडाको पट्टी बाँध्नू । यसपछि व्रीहिमुख नामक औजारले नसा प्वाल पारी नलिबाट पिसाब बगाउनू । यसपछि स्थगिका नामक पट्टी बाँध्नू । घाउ सफा गरी भर्ने उपचार गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

मूत्रजं स्वेदितं स्निग्धैर्वस्त्रपट्टेन वेष्टितम् । विध्येदधस्तात् सेवन्याः स्रावयेच्च यथोदरम्॥
व्रणं च स्थगिकाबद्धं रोपयेद्....।

पिसाबजन्य वृद्धिमा चिल्ला पदार्थले स्वेदन गरी कपडाको पट्टी बाँध्नू । जननेन्द्रियको एकातिर तल व्रीहिमुख नामक औजारले छेड्ने वा चिर्ने वा प्वाल पार्ने काम गर्नू । त्यो छेडिएको स्थानमा दुईमुखे नली छिराएर जलोदर रोगमा गरेजसरी त्यहाँ भित्र जम्मा भएको पिसाब जस्तो पदार्थ बाहिर बगाउनू । यसपछि नलि निकालेर स्थगिका नामक पट्टी बाँध्नु । यसपछि खटिराको जसरी घाउ भर्ने उपचार गर्नू ।



भेषजादिभिरापूर्यस्थगिका पट्टकेन च ।
बध्यते मण्डलाकारो यमलव्रणयोस्तु सः ॥ **(शल्यतन्त्र)**

(ग) चक्रदत्त : आदित्यपाकघृत

गव्यं घृतं सैन्धवसम्प्रयुक्तं शम्बूकभाण्डे निहितं प्रयत्नात् ।
सप्तहमादित्यकरैर्विपक्वं निहन्ति कूरण्डमतिप्रवृद्धम्॥

गाईको घिउ र सिँधेनुन मिसाएर सानो शङ्खमा राखी सात दिनसम्म घाममा तताएर झिकी मालिस गर्नाले तथा खानाले अति बढेको पिसाबजन्य वृद्धिरोग नाश हुन्छ ।

(घ) चक्रदत्त, भावप्रकाश संहिता :

संस्वेद्य मूत्रप्रभवं वस्त्रपट्टेन वेष्टयेत्॥

पिसावविकारजन्य वृद्धिमा शिरको विरेचनका लागि प्रयोग गरिने ओखतीमा गहुँत मिसाएर केही तातो पारी सेक्नू र कपडाको पट्टीले बेस्सरी बाँध्नू ।

(ङ) भैषज्य रत्नावली :

सैन्धवं च घृताभ्यक्तं ताम्रभाजनमातपे । प्रतप्तमूर्णया घृष्टं तन्मलं च समाहरेत्॥
कुरण्डं म्रक्षयेत्तेन स निर्विघ्नं दिवानिशम् । कुरण्डं तेन संलिप्तं नास्तीत्याहा पुनर्वसुः ॥

तामाको भाँडामा घिउ र सिँधेनुन भरेर चर्को घाममा तताउनू । त्यसपछि भेडाको ऊनले त्यो भाँडामा रहेको घिउलाई मोल्नू । त्यसो गर्दा जति मैलो निस्कन्छ त्यसले मूत्रजन्य वृद्धिरोगमा लेप दल्नू । अनि कुनै वाधा बिना हरेक दिन बिहानबेलुकी अण्डकोश धुने गर्नू र त्यो मलले मालिस गर्नू । यसो गर्नाले पुनः मूत्रजन्य अण्डकोश वृद्धि रोग हुँदैन भनी पुनर्वसु ऋषिले बताएका छन् ।

बहुवारस्य बीजं च पिष्ट्वा तच्चार्द्रकैः सह । कुरण्डं नाशयेद्धद्रे लेपनान्नात्र संशयः ॥

लप्सीको बीज अदुवाको रसमा पिसेर लेप बनाई दल्ने गर्नाले कुरण्ड रोग (मूत्रविकारजन्य वृद्धिरोग, हाइड्रोसिल) नाश हुन्छ । यसमा कुनै शङ्का गर्नुपर्दैन ।

घृतैर्नीलोत्पलस्य मूलं पिष्ट्वा लिम्पेत्कुरण्डकम् । अथवा लेपनं कुर्याद् गृहमण्डूकशोणितैः ॥

नीलकमलको जरा घिउमा पिसेर लेप बनाई दल्नाले अथवा घरेलु भ्यागुताको रगत दल्नाले मूत्रजन्य अण्डवृद्धि रोग नाश हुन्छ ।

(च) योग रत्नाकर :

संस्वेद्य मूत्रप्रभवं वस्त्रखण्डेन वेष्टयेत् । सीजन्याः पार्श्वतोऽधस्ताद्विध्येद्व्रीहिमुखेन वै ॥

मूत्रविकारजन्य वृद्धिमा स्वेदन गरी वृद्धि माथि एउटा कपडाले बेर्नू । त्यसपछि जननेन्द्रियको अगलबगलको तलतिर रहेको नसालाई ब्रीहिमुख नामक औजारले काट्नू ।

(छ) सुश्रुत संहिता :

मूत्रजां स्वेदयित्वा तु वस्त्रपट्टेन वेष्टयेत्॥

सेवन्याः पार्श्वतोऽधस्ताद्विध्येद् व्रीहिमुखेन तु । अथात्र द्विमुखां नाडीं दत्त्वा विस्रावयेद्भिषक् ॥ मूत्रं, नाडीमथोद्धृत्य स्थगिकाबन्धमाचरेत् । शुद्धायां रोपणं दद्यात्...।

मूत्रजन्य वृद्धिमा स्वेदन गराई वृद्धिलाई पट्टीले बेरी जननेन्द्रियको कोल्टोभागमा तलतिर व्रीहिमुख नामक हतियारले प्वाल पार्नू । त्यसपछि यसमा दुईमुखे नली राखेर वैद्यले भित्र भएको पिसाब (पिसाब जस्तो पदार्थ) सबै बाहिर निकाल्नू । त्यसपछि नली निकालेर स्थगिका नाम पट्टी बाँध्नू । घाउ प्रशोधन भएपछि घाउ भर्ने उपचार गर्नू ।

रक्तविकारजन्य वृद्धिरोगको लक्षण
(Haematocele)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कृष्णस्फोटावृतः पित्तवृद्धिलिङ्गश्च रक्ततः ॥

कालो फोका वा चिराले घेरिने खालको वृद्धिलाई रक्तविकारजन्य वृद्धि भनिन्छ ।

(ख) गरुडपुराण :

कृष्णः स्फोटावृतः पिण्डो वृद्धिलिङ्गश्च रक्ततः ।

रक्तजन्य वृद्धिमा कालो रङको, फोका उठ्ने र पिण्डाकार हुन्छ । अन्य लक्षण पित्तजन्य वृद्धिका जस्तै हुन्छन् ।

रक्तवृद्धिरसाध्योऽयं वातवृद्धिः समाकृतिः । रूक्षकृष्णारुणशिरा ऊर्णावृतगवाक्षवत् ॥

रक्तजन्य वृद्धिरोग उपचार गर्न कठिन हुन्छ र यसका वातजन्य वृद्धिरोगका जस्ता लक्षण देखिन्छन् । आन्ध्राजन्य वृद्धिरोगमा वृद्धि, रुखा काला नीला नसाले त्यसरी नै जेलिन्छ जसरी माकुराको जालोले झ्याल जेलिने गर्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर

कृष्णस्फोटावृतः पित्तवृद्धिलिङ्ग रक्तजः ॥ (कृष्णफोटावृत इति पैत्तिकोद्भवः)

अण्डकोशमा कालाकाला फोका आउने र पित्तविकारजन्य वृद्धिका लक्षणहरू देखिने वृद्धिलाई रक्तविकारजन्य वृद्धि भनिन्छ ।

(घ) सुश्रुत संहिता :

कृष्णस्फोटावृतां पित्तवृद्धिलिङ्गां रक्तवृद्धि,

अण्डकोश काला फोकाले भरिनु र पित्तजन्य वृद्धिका जस्ता लक्षणहरू देखिनु : यी रक्तवृद्धिका लक्षण हुन् ।

रक्तविकारजन्य वृद्धिरोगको उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

रक्तजं पित्तवृद्धिवत् । प्रततं चात्र रक्तमपहरेत् ॥

रक्तजन्य वृद्धिमा पित्तजन्य वृद्धिको जसरी उपचार गर्नू । पटकपटक रगत बगाउने कार्य गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

... प्रततं च हरेदसृक् ॥

रक्तविकारजन्य वृद्धिमा पटकपटक जूका लगाएर रगत निकाल्नू ।

(ग) भावप्रकाश संहिता :

मुहुर्मुहुर्जलौकाभिः शोणितं रक्तजे हरेत् । पिबेद्विरेचनं वाऽपि शर्कराक्षौद्रसंयुतम् ॥

रक्तविकारजन्य वृद्धिमा पटकपटक जूकाले टोकाएर रगत निकाल्नु पर्दछ र दिसा लगाउनका लागि चिनी र मह मिसाएर पिउने गर्नुपर्दछ ।

शीतमालेपनं शस्तं सर्वपित्तहरं तथा । पित्तवृद्धिक्रमं कुर्यादामे पक्वे च रक्तजे ॥

रक्तविकारजन्य वृद्धि पाकेको छैन भने त्यसमाथि शीतल लेप दल्नू । अनि पित्तविकार नाश गर्ने सबै उपचार गर्नू । रक्तजन्य वृद्धिमा सबै उपचार पित्तवृद्धिको जसरी नै गर्नुपर्दछ ।

(घ) चक्रदत्त, भैषज्य रत्नावली :

.... रक्तजे रक्तमोक्षणम् ॥

रक्तजन्य वृद्धिरोगमा रगत निकाल्नू ।

(ङ) योग रत्नाकर :

अविदाहि च भैषज्यं कर्तव्यं रक्तपैत्तिके । सर्वं पित्तहरं कार्यं रक्तजे रक्तमोक्षणम् ॥
मुहुर्मुहुर्जलौकाभिः शोणितं रक्तजे हरेत् । शीतमालेपनं सर्वं पाको रक्ष्यः प्रयत्नतः ॥

रक्तपित्तविकारजन्य वृद्धिमा शरीरलाई डाह नगर्ने ओखती तथा पदार्थको प्रयोग गर्नुपर्दछ तथा सबै उपचार पित्तविकार नाश गर्ने खालको हुनुपर्दछ । रक्तविकारजन्य वृद्धिमा जूका लगाएर पटकपटक

रगत निकाल्नू । सबै खालका शीतवीर्यका ओखतीको लेप दल्नू । सम्भव भएसम्म पाक्न नदिनू ।

त्रिवृतं प्रपिबेत्क्षौद्रशर्करासहितं मुहुः । पित्तग्रन्थिक्रमं कुर्यादामे पक्वे च रक्तजे॥

पटकपटक निसोतको काँढापानीमा मह मिसाएर पिउने गर्नू । नपाकेको वा पाकेको अवस्थामा पित्तविकारजन्य ग्रन्थिरोगमा जसरी रक्तविकारजन्य वृद्धि रोगको उपचार गर्नू ।

(च) सुश्रुत संहिता :

रक्तजायां जलौकोभिः शोणितं निर्हरेद्भिषक् । पिबेद्विरेचनं वाऽपि शर्कराक्षौद्रसंयुतम्॥
पित्तग्रन्थिक्रमं कुर्यादामे पक्वे च सर्वदा ।

रक्तजन्य वृद्धिमा वैद्यले जूकालाई टोकाएर रगत बगाउनू , अथवा चिनी र मह मिसाएर दिसा लगाउने ओखती पिउनू । नपाकेको वा पाकेको वृद्धिमा जहिले पनि पित्तग्रन्थिको जसरी उपचार गर्नू ।

वातविकारजन्य वृद्धिरोगको लक्षण
(Chronic or Subacute Orchitis)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

वातपूर्णदृतिस्पर्शो रूक्षो वातादहेतुरुक् ।

छुँदा वा छाम्दा हावाले भरिएको छालाको थैलो जस्तो, रुखो र कुनै कारण बिना नै बाहिरी भाग दुखाउने खालको अण्डकोश वृद्धिलाई वातविकार जन्य वृद्धि भनिन्छ ।

(ख) गरुडपुराण :

वातपूर्णः खरस्पर्शो रूक्षो वाताच्च दाहकृत् ॥

सुन्निएको भागमा छाम्दा साह्रो हुन्छ । बाहिरी तथा भित्री रुखो वायुले गर्दा पोल्ने गर्दछ ।

(ग) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :

वातपूर्णदृतिस्पर्शो रुक्षो वातादहेतुरुक् ॥
(अहेतरुक अत्रेषदर्थे नञ् । तेन स्वल्पादपि विप्रकृष्टात् कारणत् रुक्पीडा यत्र सः ।)

अण्डकोश छुँदा हावाले भरिएको छालाको थैलो जस्तो, रुखो र सामान्य कारणले पनि दुख्ने खालको वृद्धिलाई वातविकारजन्य वृद्धि भनिन्छ ।

(घ) सुश्रुत संहिता :

तत्रानिलपरिपूर्णां बस्तिमिवाततां परुषामनिमित्तानिलरुजां वातवृद्धिमाचक्षते,

हावाले भरिएको मूत्राशय जसरी कुनै कारण नभइकन नै अण्डकोश दुख्नुलाई वातजन्य वृद्धि भनिन्छ ।

(ङ) हारीत संहिता :

कम्पश्च मृदुवातेन ....॥

वातजन्य वृद्धिरोगमा शरीरमा कम्पन र कोमलता हुन्छ ।

उपचार
वातजन्य वृद्धिरोगको प्रारम्भिक उपचार

(क) अष्टाङ्ग सङ्ग्रह :

वृद्धौ तु मारुतजे त्रिवृता स्निग्धमातुरं स्विन्नं च
मिश्रकसुकुमारकतिल्वकैरण्डकोशाम्रफलस्नेहानामन्यतमेन विरेचयेत् ।
ततोऽनिलघ्नक्वाथकल्कैर्निरूहयेत् निरूढं च मांसरसेनाशितं यष्टीमधुकतैलेनानुवासयेत् ।
स्वेदप्रलेपोपनाहांश्च प्रयुञ्जीत । पक्वं च भित्वा व्रणमिव चिकित्सेत् ॥

वातविकारजन्य वृद्धिमा रोगीलाई तीन किसिमका चिल्लोले स्नेहन गराई त्यसपछि स्वेदन गराउनू । यसपछि उसलाई विरेचन गराउनू । विरेचनका लागि मिश्रक (ठूलो जातको मूला, खारीनुन), सुकुमारक (सूर्ति, तेजपात), तिल्वक (लोध वा साधन), एरण्ड (अँडिर) वा कोशाम्रफल (बिज्जु आँपको फल) वा अन्य ओखतीको स्नेह (घिउ वा तेल) को प्रयोग गर्नू । त्यसपछि वातविकार नाश गर्ने ओखती हालेर पकाइएको काँढापानी र लेपले निरूहवस्ति दिनू । रोगीलाई मासुको रस खान दिनू । यसपछि जेठीमधुको तेलले अनुवासन वस्ति दिनू । स्वेदन, लेप दल्ने कार्य र उपनाह बाँध्ने कार्य गर्नू । पाकेका खण्डमा खटिराको जसरी नै उपचार गर्नू ।

(ख) अष्टाङ्ग हृदय :

शोधयेत्त्रिवृता स्निग्धं वृद्धौ स्नेहैऽनिलात्मके ॥
कोशाम्रतिल्वकैरण्डसुकुमारकमिश्रकैः । ततोऽनिलघ्ननिर्यूहकल्कस्नेहैर्निरूहयेत् ॥
रसेन भोजितं यष्टीतैलेनान्वासयेदनु । स्वेदप्रलेपा वातघ्नाः पक्वे भित्त्वा व्रणक्रियाम् ॥

वातविकारजन्य वृद्धिरोगमा सबभन्दा पहिले घिउ, तेल र बोसो मिसाएर रोगीलाई पियाउँदै स्नेहन दिनू । यसपछि विरेचन गराउनू । विरेचनका लागि बिज्जूआँप र लोध मिसाएर विधिपूर्वक पकाइएको तेल अथवा अँडिरको तेल अथवा सुकुमार नामक तेल अथवा गुल्म रोगको उपचारका क्रममा बताइएको मिश्रक स्नेह प्रयोग गर्नू । त्यसपछि वातविकार नाश गर्ने ओखती हालेर पकाइएको काँढापानी, लेदो वा स्नेह मिसाएर निरूहण वस्ति दिनू । त्यसपछि मासुको रससँग भात खुवाउनू । जेठीमधुको काँढापानी वा धूलो मिसाएर पकाइएको तेलले अनुवासन वस्ति दिनू । वृद्धिमा वातविकार नाशगर्ने ओखतीले स्वेदन गराउनू र यसैको लेप दल्नू । पाकेका अवस्थामा चिरेर सफा गरी खटिराको जस्तै प्रशोधन र घाउ भर्ने काम गर्नू ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर :

वातवृद्धौ पिबेत् स्निग्धं यथाप्राप्तं विरेचनम् ।

जे उपलब्ध छ त्यस्तो दिसा लगाउने ओखती मिसाएर पकाइएको चिल्लो खाई दिसा लगाउनू ।

(घ) वङ्गसेन आयुर्वेद :

वातवृद्धौ पिबेत्स्निग्धैः यथान्यायं विरेचनम् ।

वातविकारजन्य वृद्धिरोगमा रोगको अवस्था हेरी चिल्ला ओखती खुवाएर दिसा लगाउनू ।

(ग) सुश्रुत संहिता :

तत्रादितो वातवृद्धौ त्रैवृतस्निग्धमातुरम्॥ स्विन्नं चैनं यथान्यायं पाययेत विरेचनम् ।
कोशाम्रतिल्वकैरण्डफलतैलानि वा नरम्॥ सक्षीरं वा पिबेन्मासं तैलमेरण्डसम्भवम् ।
ततः कालेऽनिलघ्नानां क्वाथैः कल्कैश्च बुद्धिमान्॥
निरूहयेन्निरूढं च भुक्तवन्तं रसौदनम् । यष्टीमधुकसिद्धेन ततस्तैलेन योजयेत्॥
स्नेहोपनाहौ कुर्याच्च प्रदेहांश्चानिलापहान् । विदग्धां पाचयित्वा वा सेवनीं परिवर्जयेत्॥
भिन्द्यात्ततः प्रभिन्नायां यथोक्तं क्रममाचरेत् ।

वातवृद्धि हुँदा सबभन्दा पहिले रोगीलाई तीन थरी चिल्लोले स्नेहन गर्नू र त्यसपछि स्वेदन गराउनू । त्यसपछि यथायोग्य ओखती खुवाएर विरेचन गराउनू । बिज्जु आँप, साधन वा लोध (तिल्वक), अँडिरको फल मिसाएर पकाइएको तेल रोगीले पिउनू । अथवा एक महिनासम्म अँडिरको तेल दूधसँग पिउनू । त्यसपछि वातपवकार नाश गर्ने ओखती हालेर पकाइएको काँडापानी र लेदोले बुद्धिमानले निरूहवस्ति दिनू । निरूहवस्ति दिएपछि मासु (वा मुगी) को रससँग भात खुवाई जेठीमधु हालेर पकाइएको तेलले अनुवासन वस्ति दिनू । स्नेहन गराउनू र उपनाह बाँध्नू । वातविकार नाश गर्ने मलम आदि लगाउनू । वृद्धि पाक्न लागेमा त्यसलाई पकाएर जननेन्द्रियलाई जोगाई चिर्नू । चिरेपछि द्विव्रणीय अध्यायमा बताइएका विधिले उपचार गर्नू ।

अँडिर आदिको प्रयोग

(क) वैद्यरहस्य :

वातवृद्धौ पिबेत्तैलं मासमेरण्डसम्भवम् ।

वातजन्य वृद्धिरोगमा एक महिनासम्म अँडिरको तेल पिउनू ।

आँप आदिको प्रयोग

(क) हारीत संहिता :

रसालशल्लकीक्वाथः तर्कारी कटुतुम्बिका॥ क्वाथसंसेवनार्था च मुष्कवृद्धिः सवातिके ।

वातजन्य वृद्धिरोगमा आँप र साजको काँढापानी वा वज्रदन्ती र तितेलौकाको काँढापानी पिउनु हितकर हुन्छ ।

गोकुलधूप आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर :

गुग्गुलं रुबुतैलं वा गोमुत्रेण पिबेन्नरः । वातवृद्धिं निहन्त्याशु चिरकालानुबन्धिनीम्॥

गोकुलधूपको धूलो अथवा अँडिरको तेल गहुँतमा मिसाएर पिउने गर्नू । यसले पुरानो वातविकारजन्य वृद्धिरोग नाश हुन्छ ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

गुग्गुल्वेरण्डजं तैलं गोमूत्रेण पिबेन्नरः । वातवृद्धिं जयत्याशु चिरकालानुबन्धिनीम्॥

गोकुलधूप अँडिरको तेलमा मिसाएर गहुँतसँग खाने गर्नाले धेरै दिन भइसकेको वातविकारजन्य वृद्धि पनि तुरुन्त नाश हुन्छ ।

दूध आदिको प्रयोग

(क) चक्रदत्त, रसरत्नाकर :

सक्षीरं वा पिबेत्तैलं मासमेरण्डसम्भवम्॥ (पित्तानुबन्धे)

पित्तविकार समेत मिसिएको वातवृद्धि रोग एक महिनासम्म दूधमा मिसाएर अँडिरको तेल पिउनाले नाश हुन्छ ।

(ग) भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :

सक्षीरञ्च पिबेत्तैलं मासमेरण्डसम्भवम्॥

अँडिरको तेल दूधमा मिसाएर एक महिनासम्म खानू ।

धूपी आदिको प्रयोग

(क) रस रत्नाकर :

प्रपौण्डरीकमधुकरास्नाकुष्ठपुनर्नवैः । सरलागुरुभद्राख्यैर्वातजं सम्प्रलेपयेत् ॥

धूपीविशेष, जेठीमधु, फ्याक्सेकन्द, कूट, पुनर्नवा, सल्लाको धूप, अगरु र नागरमोथे मिसाई पिसेर लेप दल्ने गर्नाले वातजन्य वृद्धिरोग नाश हुन्छ ।

पुनर्नवा आदिको प्रयोग

(क) चक्रदत्त, रसरत्नाकर :

पुनर्नवायास्तैलं वा तैलं नारायणन्तथा । पाने बस्तौ रुबोस्तैलं पेयं वा दशकाम्भसा ॥
(पुनर्नवायाः क्वाथकल्कौ । दशकं दशमूलकम् ।) इति वाते ।

पुनर्नवाको तेल वा नारायण तेल पिउनाले तथा वस्तिमा प्रयोग गर्नाले अथवा अँडिरको तेल दशमूलको काँढापानीमा मिसाएर पिउनाले वातजन्य वृद्धिरोग नाश हुन्छ ।

भुइँबेत आदिको प्रयोग

(क) रसरत्नाकर :

निचुलैरण्डमूलानि यवगोधूमसक्तवः । एतैश्च वातजं स्निग्धैः सुखोष्णैः सम्प्रलेपयेत् ॥

भुइँबेत र अँडिरको जरा अनि जौ र गहुँको पिठो चिल्लो र तातोपारी पिसेर लेप दल्नाले वातजन्य वृद्धिरोग शान्त हुन्छ ।

सिप्लिकान आदिको प्रयोग

(क) हारीत संहिता :

वरुणवृक्षादनी चैव दशमूली शतावरी । क्वाथपानं वातिके च मुष्कवृद्धौ हितावहम्॥

वातजन्य वृद्धिरोगमा सिप्लिकान, ऐँजेरु, दशमूल र कुरिलो हालेर पकाइएको काँढापानी पिउनु हितकर हुन्छ ।

कफजन्य र वातजन्य वृद्धिरोगको उपचार
त्रिफला आदिको प्रयोग

(क) चक्रदत्त : त्रिफलाक्वाथ

त्रिफलाक्वाथगोमूत्रं पिबेत्प्रातरतन्द्रितः । कफवातोद्भवं हन्ति श्वयथुं वृषणोत्थितम् ॥

त्रिफलाको काँढापानी र गहुँत हरेक दिन बिहान पिउने गर्नाले कफजन्य र वातजन्य वृद्धिरोग नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

त्रिफलाक्वाथगोमूत्रं पिबेत्प्रातरतन्द्रितः । कफवातोद्भवं हन्ति श्वयथुं वृषणोद्भवम् ॥

त्रिफलाको काँढापानीमा गहुँत मिसाएर बिहान बिहान उठेर पिउने गर्नू र शरीरले सहने खालका खानपिन गर्नू । यसो गर्नाले कफविकारजन्य तथा वातविकारजन्य वृद्धिरोग नाश हुन्छ ।

बोझो आदिको प्रयोग

(क) वङ्गसेन आयुर्वेद :

वचासर्षपकल्केन प्रलेपः शोथनाशनः । शिग्रुत्वक्सर्पिषैः पिष्टैः शोथः श्लेष्मानिलापहः ॥

बोझो र सर्सिउँ मिसाएर पिसी लेप दल्नाले वृद्धिरोग नाश हुन्छ । सजिवनको रूखको बोक्रा घिउमा पिसेर लेप बनाई दल्ने गर्नाले कफविकार र वातविकारले हुने वृद्धिरोग नाश हुन्छ ।

सल्लाको खोटो आदिको प्रयोग

(क) चक्रदत्त : सरलादिचूर्ण

सरलागुरुकुष्ठानि देवदारुमहौषधम् । मूत्रारनालसंयुक्तं शोथघ्नं कफवातनुत्॥

सल्लाको धूप, अगर, कूट, देवदार, सुठो र काँजी मिसाएर पिउने गर्नाले कफजन्य र वातजन्य सुजन नाश हुन्छ ।

(ख) वङ्गसेन आयुर्वेद :

सरलाऽगुरुकुष्ठानिदेवदारुमहौषधम् । मूत्रारनालसम्पिष्टं शोधघ्नं कफवातजित्॥

सल्लाको खोटो, सालधूप, अगर, कूट, देवदार र सुठो गहुँतमा र काँजीमा पिसी लेप दल्नाले कफविकार र वातविकारले हुने (वृद्धिरोगको सुजन) नाश हुन्छ ।

हर्रो आदिको प्रयोग

(क) चक्रदत्त, वङ्गसेन आयुर्वेद :

हरीतकीं मुत्रसिद्धां सतैललवणान्विताम् । प्रातः प्रातश्च सेवेत कफवातमयापहाम् ॥

हर्रोलाई गहुँतमा पकाएर झिकी तेलमा भुट्नू । यसलाई सिँधेनुन मिसाएर हरेक दिन बिहान खाने गर्नू । कफविकार र वातविकारले हुने रोग नाश हुन्छन् ।

वृद्धिरोगको समष्टिगत उपचार
अँडिर आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह : गन्धर्वहस्ततैल

गन्धर्वहस्तमूलतुलां यवाढकं नागरार्धकुडवं च सलिलद्रोणे पादशेषं विपचेत् । तेन द्विगुणक्षीरिणैरण्डतैलप्रस्थं साधयेत् । कल्कपिष्टं चात्र दद्यात् पुनर्गन्धर्वहस्तमूलकुडवं शुण्ठीपलं च । एतत् गन्धर्वहस्ततैलं तुल्यं पूर्वेण ।

अँडिरको जरा एक तुला, एक आढक जौ र आधा कुडव सुठो एक द्रोण पानीमा हालेर एक चौथाई बाँकी नहुँदासम्म उमाल्नू । यसमा दोब्बर दूध, एक प्रस्थ अँडिरको तेल, अँडिरको जराको लेदो एक कुडव र सुठो एक पल हालेर पुनः पकाउनू । गन्धर्वहस्ततैल तयार हुन्छ । यसले सुकुमार घिउको जस्तै काम गर्दछ ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली :

भृष्टो रुबुकतैलेन कल्कः पथ्यासमुद्भवः । कृष्णासैन्धवसंयुक्तो वृद्धिरोगहरः परः ॥

अँडिरको तेलमा हर्रोको लेदो वा धूलो भुटेर त्यसमा पिप्ला र सिँधेनुनको धूलो मिसाई खाने गर्नू । यसले छिप्पिएको वृद्धिरोग नाश हुन्छ ।

(ग) भावप्रकाश संहिता :

गन्धर्वहस्त तैलेन क्षीरेण विहितं शृतम् । विशालामूलजं चूर्णं वृद्धिं हन्ति न संशयः ॥

अँडिरको तेल, दूध र इन्द्रवारुणीको जरा पिसेर काँढापानी पकाई पिउने गर्नाले अवश्य नै वृद्धि रोग नाश हुन्छ ।

(घ) वैद्यरहस्य :

गन्धर्वहस्ततैलेन क्षीरेण च युतं पिबेत् ।

अँडिरको तेल दूधमा हालेर पिउने गर्नाले अण्डवृद्धि रोग नाश हुन्छ ।

अजयपाल आदिको प्रयोग

(क) भैषज्य रत्नावली : बृहद्दन्तीघृत

जलद्रोणे पचेत्सम्यग्दन्त्याः पलशतं भिषक् । पादशिष्टं गृहीत्वेमं क्वाथं सर्पिः पयस्तथा ॥
दन्तीमूलं बलां द्राक्षां सहदेवीं शतावरीम् । सरलं शारिवां श्यामां प्रत्येकं कुडवोन्मितम् ॥
विदार्यास्तालमूल्याश्च शाल्मल्याः कुटजस्य च । रसाढकं परिक्षिप्य साधयेन्मृदुनाऽग्निना ॥

अजयपालको जरा एक सय पल बत्तीस सेर पानीमा हालेर पकाउनू । एक चौथाई बाँकी भएपछि झिकेर छान्नू । यो काँढापानी, घिउ र दूध आठ आठ सेर तथा अजयपालको जरा, बलु, दाख, सहदेवी, कुरिलो, सल्लाको खोटो, अनन्तमूल र कालो अनन्तमूल १६, १६ तोला अनि विदारीकन्द, मुसलीकन्द, सिमलको खोटो र ठूलोकुराकेको बोक्रा आठ आठ सेर लिनू । सबै मिसाएर सानो आगोमा विधिपूर्वक घिउ पकाउनू ।

अन्त्रवृद्धिमन्त्ररोगमन्त्रदाहं सुदारुणम् । मुष्कवृद्धिं तथा ब्रध्नं व्रणशोथं भगन्दरम् ॥
आमवातं वातरक्तं मुखसाशिरोरुजः । रेतःशोणितदोषांश्च हन्ति दन्तीघृतं महत् ॥

यो बृहद्दन्ती नामक घिउले अन्त्रवृद्धि, आन्घ्रासम्बन्धी रोग, अन्त्रदाह, कडा खालको अण्डकोश बढ्ने रोग, ब्रध्नरोग, व्रणशोथ, भगन्दर, आमवात, वातरक्त तथा मुख र नाकका रोग अनि शुक्र र रगतसम्बन्धी सबै रोग नाश गर्दछ ।

अदुवा आदिको प्रयोग

(क) योग रत्नाकर :

आर्द्रकस्य रसः क्षौद्रयुक्तो वृषणवातजित्॥

अथवा अदुवाको रसमा मह मिसाएर पिउन दिनाले पनि अण्डकोशमा हुने वातविकार नाश हुन्छ ।

अभ्रख आदिको प्रयोग

(क) भैषज्य रत्नावली : भक्तोतरीयचूर्ण

अभ्रकं गन्धकं चैव पिप्पली लवणानि च । त्रिक्षारं त्रिफला चैव हरितालं मनःशिला ॥
पारदं चाजमोदा च यमानी शतपुष्पिका । जीरकं हिङ्गु मेथी च चित्रकं चविका वचा ॥
दन्ती च त्रिवृता मुस्तं शिला च मृतलौहकम् । अञ्जनं निम्बबीजानि पटोलं वृद्धदारकम् ॥
सर्वाणि चाक्षमात्राणि श्लक्ष्णचूर्णानि कारयेत् । शतं कानकबीजानि शोधितानि प्रयोजयेत् ॥

अभ्रखभस्म, शुद्ध गन्धक, पिप्ला, पाँच थरी नुन, जवाखार, सज्जीखार, स्वाग, हर्रो, बर्रो, अमला, हरिताल, मैनसिल,प्रशोधित पारोभस्म, ज्वानु, सुप, जीरा, हिङ, मेथी, चितूको जरा, चाभो, बोभ्हो, अजयपालको जरा, निसोत, नागरमोथे, सिलाजित, लोहभस्म, रसाञ्जन, नीमका बीज, परबर र सानो बाटुल्पाते : यी सबै ओखती दुई दुई तोला लिई मिसाएर पिस्नू । यसमा प्रशोधित धतूरोको सय वटा बीज मिसाएर पुनः पिस्नू ।

एतदग्निविवृद्ध्यर्थमृषिभिः परिकीर्त्तितम् । श्लीपदान्यन्त्रवृद्धिं च वातवृद्धिं च दारुणम् ॥
अरुचिं चामवातं च शूलं वातसमुद्भवम् । गुल्मं चैवोदरान् व्याधीन्नाशयत्याशु तत्क्षणात् ॥
भक्तोत्तरमिदं चूर्णमश्विभ्यां निर्मितं पुरा ॥

यो धूलोले पाचनशक्ति बढाउँदछ भनी ऋषिहरूले बताएका छन् । यसले हात्तीपाइले रोग, अन्त्रवृद्धि, कडा खालको वातवृद्धि, अरुचि, आमवात रोग, वातजन्य शूल, गुल्म, उदररोग र अन्य अनेक थरी रोग तत्काल नाश गर्दछ । यो भक्तोत्तर नामक चूर्णका बारेमा अश्विनीकुमारहरूले बताएका हुन् ।

इन्द्रेनीलहरो आदिको प्रयोग

(क) चक्रदत्त : ऐन्द्रीचूर्ण

ऐन्द्रीमूलभवं चूर्णं रुबुतैलेन मर्दितम्। त्र्यहाद्गोपयसा पीतं सर्ववृद्धिनिवारणम्॥

इन्द्रेनीलहरोको जराको धूलो अँडिरको तेलमा पिसेर पचाउन सक्ने मात्रामा तीन दिनसम्म गाईको दूधसँग खानू। यसरी खानाले सबै किसिमका वृद्धिरोग नाश हुन्छ।

(ख) भैषज्य रत्नावली :

ऐन्द्रीमूलभवं चूर्णं रुबुतैलेन मर्दितम्। त्र्यहाद्गोपयसा पीतं सर्ववृद्धिहरं परम्॥

इन्द्रेनीलहरोको जराको धूलो अँडिरको तेलमा पिसेर पचाउन सक्ने मात्रामा तीन दिनसम्म गाईको दूधसँग खानू। यसरी खानाले सबै किसिमका वृद्धिरोग नाश हुन्छ।

(ग) वैद्यरहस्य :

विशालामूलजं चूर्णं वृद्धिं हन्यान्नशंशयः॥

इन्द्रेनीलहरोको जराको धूलो दूधमा मिसाएर पिउने गर्नाले अण्डवृद्धि नाश हुन्छ।

काँजी आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

निष्पिष्टमारनालेन रूपिकामूलवल्कलम् । लेपो वृद्ध्यामयं हन्ति बद्धमूलमपि दृढम् ॥

आरनाल नामक काँजीमा पिसिएको सेतो आँकको जराको बोक्राको लेपले पुरानो (वा बलियो) वृद्धिरोग पनि नाश गर्दछ ।

गहुँत आदिको प्रयोग

(क) चक्रदत्त :

गोमूत्रसिद्धां रुबुतैलभृष्टां हरीतकीं सैन्धवसम्प्रयुक्ताम् ।
खादेन्नरः कोष्णजलानुपानां निहन्ति वृद्धिं चिरजां प्रवृद्धाम् ॥

गहुँतमा हालेर पकाइएको हर्रो अँडिरको तेलमा भुट्नू । अनि त्यसमा सिँधेनुनको धूलो मिसाएर मनतातो पानीसँग पिउने गर्नू । यसरी पिउनाले धेरै पुरानो अण्डवृद्धि रोग पनि तत्काल नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली :

गोमूत्रसिद्धां रुबुतैलभृष्टं हरीतकीं सैन्धवसम्प्रयुक्ताम् ।
पिबेन्नरः कोष्णजलानुपानं निहन्ति वृद्धिं चिरजां प्रवृद्धाम् ॥

गहुँतमा हालेर पकाइएको हर्रो अँडिरको तेलमा भुट्नू । अनि त्यसमा सिँधेनुनको धूलो मिसाएर मनतातो पानीसँग पिउने गर्नू । यसरी पिउनाले धेरै पुरानो अण्डवृद्धि रोग पनि तत्काल नाश हुन्छ ।

घिउ आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

गव्यं घृतं सैन्धवसम्प्रयुक्तं शम्बूकभाण्डे निहितं तदेव ।
सप्ताहमादित्यकरैर्विपक्वं हन्यात्कुरण्डं चिरजं प्रवृद्धम् ॥

गाईको पुरानो घिउ र सिँधेनुनको धूलो मिसाई फिटेर शङ्खमा भरेर सात दिनसम्म घाममा राख्नू । त्यसपछि यो घिउ झिकेर अण्डकोशमा दल्ने गर्नू । यसो गर्नाले अति पुरानो अण्डकोश वृद्धिरोग पनि चाँडै ठिक हुन्छ । (यसरी मिसाउँदा घिउको एक चौथाई सिँधेनुन मिसाउनू) ।

चन्दन आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

चन्दनं मधुकं पद्ममुशीरं नीलमुत्पलम् । क्षीरपिष्टैः प्रदेहः स्याद्दाहशोथरुजापहः ॥

रक्तचन्दन, जेठीमधु, कमलको केशर, खस र नीलकमल बराबर लिई दूधमा पिसेर वृद्धिरोग भएका ठाउँमा लेप दल्ने गर्नाले डाह, सुजन र पीडा नाश हुन्छ ।

चुत्रो आदिको प्रयोग

(क) योग रत्नाकर :

दार्वीचूर्णं गवां मूत्रैर्निपीतं मुष्कवृद्धिजित्॥

चुत्रोको बोक्राको धूलो र गहुँत मिसाएर पिउनाले पनि अण्डवृद्धि नाश हुन्छ ।

जटामसी आदिको प्रयोग

(क) योग रत्नाकर : मांस्यादिघृत

मांसी कुष्ठं पत्रकैलारास्ना श्रृङ्गी च चित्रकम् । कृमिघ्नमश्वगन्धा च शैलेयं कटुरोहिणी ॥
सैन्धवं तगरं चैव कुटजातिविषैः समैः । एतैश्च कार्षिकैः कल्कैर्घृतप्रस्थं विपाचयेत् ॥
वृषमुण्डीतकैरण्डनिम्बपत्रभवं रसम् । कण्टकार्याश्चापि दुग्धं प्रीथं प्रस्थं विनिक्षिपेत् ॥
सिद्धमेतद् घृतं पीतमन्त्रवृद्धिं व्यपोहति । वातवृद्धिं पित्तवृद्धिं मेदोवृद्धिमथापि वा ॥
मूत्रवृद्धिं च हन्त्येतत्सर्पिराशु न संशयः ।

जटामसी, कूट, तेजपात, अलैंची, फ्याक्सेकन्द, कर्कटश्रृङ्गी, चितू, वायुविडङ्ग, अश्वगन्धा, पत्थरकुङ्कुम, कटुकी, सिँधेनुन, तगर, ठूलोकुरोको बोक्रा, र अतीस : यी दुई दुई कर्ष लिई पिस्नू । एक प्रस्थ गाईको घिउ, असुराको पातको रस एक प्रस्थ, मुण्डीबूटीको रस एक प्रस्थ, अँडिरका पातको रस एक प्रस्थ, नीमका पातको रस एक प्रस्थ, कण्टकारीको रस एक प्रस्थ र गाईको दूध एक प्रस्थ : यी क्रमैले घिउमा हाली घृतपाक गर्नू । सबै सुकेर घिउ मात्र बाँकी भएपछि झिकेर छान्नू । यो घिउ खाने गर्नाले अन्त्रवृद्धि नाश हुन्छ । यसले वातवृद्धि, मेदवृद्धि, मूत्रवृद्धि पनि निश्चय नै चाँडै नाश पार्दछ ।

जीरा आदिको प्रयोग

(क) वैद्यरहस्य :

अजाजी हपुषा कुष्ट गोधूम बदराणि च । काञ्जिकेन समं पिष्ट्वा कुर्याद्वृध्म प्रलेपनम्॥

जीरा, हपुषा, कूट, गहुँ र बयर मिसाई काँजीमा पिसेर लेप दल्नाले अण्डवृद्धि नाश हुन्छ ।

जीवजन्तुको प्रयोग : जानकारीका लागि मात्र

(क) वैद्यरहस्य :

मृतमात्रे तुवैकाकेविशस्तेषु प्रवेशयेत् । बद्धं मुहूर्त्तं मेधावी तत्क्षणादरुजो भवेत्॥
(सद्यो मारिते विशस्ते पाटिते तस्मिन्किञ्चिदुष्णे व्रध्म प्रवशेयेत्ततो बन्ध कार्यः) ।

भर्खर मारिएको कागको पेटभित्रका सफा गरी केही तातो हुँदै अण्डकोश छिराएर राख्नू र पट्टी बाँध्नू । तत्काल अण्डवृद्धि नाश हुन्छ ।

पातालयन्त्रयोगेन तैलं वृश्चिकसम्भवम् । प्रलेपान्नाशयत्येव वृद्धिं मासान्न संशयः ॥

पातालयन्त्रमा हाली निकालिएको बिच्छीको तेल निकालेर दल्नाले एक महिनामा अण्डवृद्धि रोग अवश्य नाश हुन्छ ।

चिखुरीमांस स्वेदेन कुरण्डो याति त्रिमल्लरहस्यम् ।

लोखर्केको मासुले सेक्ने गर्नाले अण्डवृद्धि रोग नाश हुन्छ भनी त्रिमल्लरहस्य नामक ग्रन्थमा लेखिएको छ ।

गोघृतं सैन्धवोपेतं शम्बूकस्यरवेः करैः । पक्वं सप्तदिनं हन्याच्छीघ्रं वृद्धं कुरण्डकम्॥

गाईको घिउमा सिँधेनुन मिसाई त्यसमा शङ्खेकीराको मासु हाली सात दिनसम्म घाममा राख्नू । आठौं दिन झिकेर लगाउनू । बढेको कुरण्ड रोग नाश हुन्छ ।

डाम्ने कार्य

(क) अष्टाङ्ग सङ्ग्रह :

भवति चात्र॥
यायाद्वृध्मं न चेच्छातिं स्नेहरेकानुवासनैः । बस्तिकर्म पुरः कृत्वा वङ्क्षणस्थं ततो दहेत्॥
अग्निना मार्गरोधार्थं मरुतोऽर्धेन्दुवक्रया॥ अङ्गुष्ठस्योपरि स्नाव पीतं तन्तुसमं च यत्।
उत्क्षिप्य सूच्या तत्तिर्यक् दहेच्छित्वा यतो गदः॥ ततोऽन्यपार्श्वेऽन्ये त्वाहुर्दहेद्वानामिकाङ्गुलेः॥
गुल्मेऽन्यैर्वातकफजे प्लीह्नि चायं विधिः स्मृतः । कनिष्ठिकानामिकयोर्विश्वभ्यां तु यतो गदः॥

भनिएको छ कि- यदि वृद्धि रोग स्नेहन, विरेचन र अनुवासनवस्तिले पनि कम नभए पहिले वस्ति दिनू र त्यसपछि वायुको बाटो बन्द गर्न आगोले अर्धचन्द्राकार आकारमा अण्डकोशलाई डाम्नू । जतातिरको अण्डकोशमा समस्या छ त्यतैतिरको हातको बूढी औँलाको माथितिर रहेको पहेँलो नसालाई सियोले प्वालपारी तेर्सो आकारमा डाम्नू । अन्य आचार्यका मतमा जतातिर वृद्धि हुन्छ त्यसको अर्कोतिरको हातको नसा डाम्नू । चोर औँलाको नसा डाम्नू । केही आचार्य वातविकार र कफविकारले हुने गुल्म तथा फियोका रोगमा पनि यही विधि गर्नु भन्दछन् । रोग जतातिर छ त्यतैतिरको कान्छी र चोर औँलामा डाम्नू भन्दछन् ।

(ख) हारीत संहिता :

पित्तदोषात्सन्निपातात्तथाऽसाध्या इमे स्मृताः॥ दोषान् वक्ष्याम्यौषधानि शृणु तानि भिषग्वर ।
स्वेदनान्यभ्यञ्जनानि क्वाथ्य पानं विधीयते॥ शिरःस्रावो भिषक्श्रेष्ठ तेषां वक्ष्यामि लक्षणम् ।

पित्तजन्य र सन्निपातजन्य अण्डवृद्धि रोग निको हुन कठिन हुन्छ । हे उत्तम वैद्य ! अब दोष र उपचारका बारेमा बताउँदछु, सुन । सेकेर पसिना निकाल्नु, मालिस गर्नु, काँढापानी पिउनु र टाउकामा नस हाल्नु जस्ता उपचार विधि अपनाउनु पर्दछ । अब हे वैद्यश्रेष्ठ ! यिनका लक्षण बताउँदछु ।

एतेन भवते सौख्यं तदा कर्मावकारयेत् । कर्णकोषस्य मध्ये तु रक्तान्निर्हारयेच्छिराम्॥
वामकोष्ठस्य वृद्ध्या तु दक्षिणां हारयेच्छिराम् । उभाभ्यां द्वे शिरे वेध्ये तेन वा तत्सुखं भवेत्॥
इति चाण्डक्रिया प्रोक्ता सा चैवोन्नीतरोगिणे॥

यसो गर्नाले सुख हुन्छ । त्यसपछि अन्य उपचार गर्नू । कानको बीचमा हुने रगत बहने नसाविशेष प्वाल पार्नू । देब्रेतिरको अण्डकोश वृद्धि हुँदा दाहिने कानको नसा प्वाल पार्नू । दुवै अण्डकोश वृद्धि भए दुवैतिरको नसा प्वाल पार्नू । यसो गर्दा आराम हुन्छ । यो कडा उपचार धेरै अण्डवृद्धि हुँदा गर्नू ।

तालमखाना आदिको प्रयोग

(क) हारीत संहिता : क्षारामृत

क्षारं मुष्कककिंशुकार्जुनधवापामार्गरम्भातिला
जीवन्तीकनकाह्वयञ्च रजनी कूष्माण्डवल्ली तथा ।
वासासूरणमेव तीव्रदहनं प्रज्वाल्य भस्मीकृतं
तोयेन प्रतिसेव्य निभृतपयःपानं विधेयं यकृत् ॥
तथाशूलानाहविबन्धकफजान्रोगाञ्चयेत्कामलान्
विद्रधीन् हृदिशूलपाण्डुग्रहणीशोफार्शसां पीनसान् ।
मन्दाग्नीनामजीर्णकृम्यलसगुदभ्रंशमोहांस्तथा
क्षतजवृद्धिस्तेन सदाहशूलकास्युद्गारता वमिः ॥

तालमखाना, लोधविशेष, पलाँश, काउलो, धयैँरो, दतिवन, केरा, तिल, ऐँफेरु (जीवन्ती), धतुरो, हलेदो, कुभिण्डो, असुरो र ओल : यी ओखती डढाएर खरानी बनाई पानीमा हालेर क्षार बनाउनू । यो क्षार खाने गर्नाले यकृत् गुल्मरोग, शूल, आनाह, कब्जियत, कफविकार, कमलपित्त, विद्रधि, मुटुको शूल, पाण्डु, ग्रहणी, सुजन, हर्सा, पिनास, मन्दाग्नि, अजीर्ण, कीरा, अलसक, गुदभ्रंश, मोह, घाउजन्य रोग, वृद्धिरोग, डाह, शूल, खोकी, डकार र वाकवाकी, नाश गर्दछ ।

दशमूल आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

पाने वस्तौ रुबोस्तैलं पेयं वा दशकाम्भसा ॥

अथवा दशमूलको काँढापानीसँग अँडिरको तेल पिउने गर्नू । यसो गर्नाले अण्डवृद्धिरोग नाश हुन्छ ।

दूध आदिको प्रयोग

(क) भैषज्य रत्नावली :

सक्षीरं वा पिबेत्तैलं मासमेरण्डसम्भवम् ।

दूध र अँडिरको तेल मिसाएर एक महिनासम्म पिउने गर्नाले अण्डवृद्धिरोग नाश हुन्छ ।

नारायण तेलको प्रयोग

(क) योग रत्नाकर :

तैलं नारायणं योज्यं पानाभ्यञ्जनवस्तिषु । गोमुत्रैरण्डतैलाभ्यां रसगन्धककज्जलीम् ॥
पीत्वा निहन्ति सहसा वृद्धिं वृषणसम्भवाम् ।

नारायण तेल पिउनाले, मालिस गर्नाले र वस्ति दिनाले तथा गहुँत र अँडिरको तेल मिसाएर त्यसमा शुद्ध पारोभस्म र शुद्ध गन्धकको लेप घोलेर खान दिनाले अण्डकोशको वृद्धि चाँडै नाश हुन्छ ।

पाखरी आदिको प्रयोग

(क) योग रत्नाकर :

प्लक्षाक्षबीजशुण्ठीनिर्गुण्डीनां मिथः समैश्चूर्णैः ।
घृतमधुसहिता पिण्डी न क्षमते मुष्कवृद्धिकथाम् ॥

पाखरी र बर्रोको गेडाको गुदी, सुठो र वैजनी रङको फूल फुल्ने सिमाली बराबर मात्रामा मिसाई धूलो बनाएर घिउ र महसँग मिसाई गोली बनाउनू । यसको प्रयोग गर्नाले अण्डवृद्धि रोग नाश हुन्छ ।

पारो आदिको प्रयोग

(क) वैद्यरहस्य : वृद्धिवाटिकावटी

शुद्धं सूतं तथा गन्धं मृतान्येतानि योजयेत् । लोहं रङ्गं तथा ताम्रं कांस्यं चाथ विशोधितम् ॥
तालकं तुत्थकं चापि तथा शङ्खं वराटिकाम् । त्रिकटु त्रिफला भव्यं विडङ्गं वृद्धदारुकम् ॥
कर्चूरं मागधीमूलं पाठा च हबुषा वचा । एलाबीजं देवकाष्ठं तथा लवणपञ्चकम् ॥
एतानि समभागानि चूर्णयेद्विधिना भिषक् । कषायेण हरीतक्यावटिकां टङ्कसम्मिताम् ॥
एकां तां वटिकां यस्तु निगिलेद्वारिणा सह । अण्डवृद्धिरसाध्योऽपि तस्य नश्यति सत्वरम् ॥

प्रशोधित पारोभस्म, शुद्ध गन्धक, शुद्ध लोहभस्म, शुद्ध राङभस्म, शुद्ध ताम्रभस्म, शुद्ध कांस्यभस्म, शुद्ध हरिताल, निलोतुथो, शुद्ध शङ्खभस्म र शुद्ध कौडीभस्म लिनू । त्रिकटु, त्रिफला, चाभो, वायुविडङ्ग, विधारा, कचूर, पिप्लाको जरा, गुन्दरगानु, हपुषा, बोझो, अलैंचीका बीज, देवदार र पाँच थरी नुन बराबर मिसाई धूलो बनाउनू । सबै मिसाएर हर्रोको बाँढापानीमा मुछेर चार चार मासाका गोली बनाउनू । हरेक दिन एक एक गोली पानीसँग निल्ने गर्नू । निको नहुने खालको अण्डवृद्धि पनि चाँडै शान्त हुन्छ ।

पुनर्नवा आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

पुनर्नवशतपलं दशपलानि च पृथक् दशमूलपयस्याश्वगन्धाशतावर्येरण्डमूलान्यपां वहेऽष्टांशावशेषं साधयेत्। पूतशीते च तस्मिन् निर्यूहे त्रिंशद्गुडपलान्येरण्डतैलप्रस्थं घृतद्विप्रस्थं क्षीरद्विप्रस्थं कल्कीकृतानि च द्विपलिकानि द्राक्षानागरपिप्पलीपिप्पलीमूलयवानीयवक्षार-चित्रकमधुकसैन्धवान्यावाप्यैकध्यं विपचेत् । एतत् सर्वयन्त्रणास्वपरिक्लेशेन सुकुमाराख्यं सुकुमाराणामीश्वराणां नारीणां क्षीणरेतसामप्रजानामल्पाग्नीनां विषमाग्नीनां च कामतोऽन्नपाने वा प्रयुक्तमलक्ष्मीघ्नं कान्तिकरं बल्यं बृंहणं वयस्थापनं वर्ध्मविद्रधिप्लीहगुल्मोदावर्तशोफो-दरार्शोमेढ्रयोनिरोगेषु महावातव्याधिषु च परममौषधम्।

पुनर्नवा सय पल, दशमूल हरेक दश दश पल, कल्छेलहरो, अश्वगन्धा, कुरिलो र अँडिरको जरा चार द्रोण पानीमा हालेर आठ भागको एक भाग बाँकी नहुँदासम्म पकाउनू। पाकेर सेलाएपछि त्यो रस छानेर त्यसमा तीस पल सखर, अँडिरको तेल एक प्रस्थ, दुई प्रस्थ घिउ, दुई प्रस्थ दूध तथा दाख, सुठो, पिप्ला, पिप्लाको जरा, ज्वानु, जवाखार, चितु, जेठीमधु र सिँधेनुन हरेक कुरा दुई दुई पल हालेर पकाउनू र घिउ तयार गर्नू। यो सुकुमार नामक घिउ हो। यसको खान वा पिउन प्रयोग गर्नाले स्त्रीको क्षीणरज रोग, आमविकार, कमजोर पाचनशक्ति, विषम पाचनशक्ति र अलक्ष्मी नाश गर्दछ । यो कान्तिदायक, बलदायक, पौष्टिक र उमेर संस्थापक तथा हर्निया, विद्रधि, फियोका रोग, गुल्म, उदावर्त, सुजन, पेटका रोग, हर्सा, पुरुष र स्त्रीका जननेन्द्रियका रोग र महावात जस्ता रोगमा ठूलो ओखती हुन्छ।

(ख) अष्टाङ्ग हृदय :

पचेत् पुनर्नवतुलां तथा दशपलाः पृथक्। दशमूलपयस्याश्वगन्धैरण्डशतावरीः॥
द्विदर्भशरकाशेक्षुमूलपोटगलान्विताः। वहेऽपामष्टभागस्थे तत्र त्रिंशत्पलं गुडात्॥
प्रस्थमेरण्डतैलस्य द्वौ घृतात् पयसस्तथा। आवपेद् द्विपलांशं च कृष्णातन्मूलसैन्धवम्॥
यष्टीमधुकमृद्वीकायवानीनागराणि च। तत्सिद्धं सुकुमाराख्यं सुकुमारं रसायनम्॥
वातातपाध्वयानादिपरिहार्येष्वयन्त्रणम्। प्रयोज्यं सुकुमाराणामीश्वराणां सुखात्मनाम्॥
नृणां स्त्रीवृन्दभर्तॄणामलक्ष्मीकलिनाशनम्। सर्वकालोपयोगेन कान्तिलावण्यपुष्टिदम्॥
वर्ध्मविद्रधिगुल्माऽर्शोयोनिमेढ्रानिलार्तिषु। शोफोदरखुडप्लीहविड्विबन्धेषु चोत्तमम्॥

पुनर्नवा १ तुला (सय पल), दशमूलका दश थरी ओखती १०-१० पल लिई ४ द्रोण पानीमा हाली पकाउनू। आठ भागको एक भाग बाँकी भएपछि झिकेर छान्नू। पुनः छानिएको रस भागमा सखर ३० पल, अँडिरको तेल १ प्रस्थ तथा गाईको घिउ र दूध २-२ प्रस्थ मिसाउनू। यसमा पिप्ला, पिप्लाको जरा, सिँधेनुन, जेठीमधु, मुनक्का, ज्वानु र सुठो २-२ पल पनि मिसाएर पुनः पकाउनू। जब लदरो हुन्छ तब झिक्नू। यो सुन्दर सुकुमार नामक रसायन हो। यो खाने अवधिमा हावा खान, घाम ताप्न, पैदल हिँड्न र सवारी साधन चढ्न कुनै रोकतोक हुँदैन। यो रसायन सुकुमार, राजामहाराजा, धनी, सुखी तथा अनेक थरी स्त्री हुने र धेरै सहवास चाहने खालका मानिसलाई खुवाउनु पर्दछ। यसले

अलक्ष्मी र पीडा नाश गर्दछ । सधैं सेवन गर्नाले कान्ति, लावण्य र पुष्टि प्रदान गर्दछ तथा वृद्धि, अन्त्रवृद्धि, विद्रधि, गुल्म, हर्सा, योनिका रोग उपदंश आदि पुरुष जननेन्द्रियमा हुने रोग, वातका रोग, सुजन, पेटका रोग, वातरक्त रोग, फियोका रोग र कब्जियतमा फाइदा गर्दछ ।

(ग) भैषज्य रत्नावली :

पुनर्नवायास्तैलं वा तैलं नारायणं तथा ॥

अथवा पुनर्नवाको काँढापानी र लेदो हाली विधिपूर्वक पकाइएको सर्सिउँको तेल तथा नारायण तेल पिउन र वस्तिकर्ममा प्रयोग गर्नू । यसो गर्नाले अण्डवृद्धिरोग नाश हुन्छ ।

(घ) योग रत्नाकर : पुनर्नवादि तैल

पुनर्नवाऽमृता दारु सक्षारं लवणत्रयम् । कुष्ठं सटी वचा मुस्तं रास्ना कट्फलपुष्करम्॥
यवानी हपुषा शिग्रुः शताह्वा चाजमोदिका । पवडङ्गातिविषायष्टीपञ्चकोलकसंयुतैः॥
एतैरक्षसमैः कल्कैस्तैलप्रस्थं विपाचयेत् । गोमूत्रं द्विगुणं देयं काञ्जिकं च तथैव च॥
पुनर्नवाद्यमेतत्तु वस्तौ पाने तथोत्तमम् । कटचूरुपृष्ठमेढ्रेषु कुक्षौ च वृषणाश्रितम्॥
कफवातोद्भवं शूलमन्त्रवृद्धिं विनाशयेत् ।

पुनर्नवा, गुर्जो, देवदार, जवाखार, सिँधेनुन, सौंचरनुन, विडनुन, कूट, कचूर, बोझो, नागरमोथे, फ्याक्सेकन्द, काफल, पुष्करमूल, ज्वानु, हपुषा, सजिवन, सुप, अजमोदा, वायुविडङ्ग, अतीस, जेठीमधु, पिप्ला, पिप्लाको जरा, चाभो, चितू र सुठो : यी बराबर मात्रा एक एक अक्ष लिएर पिस्नू । यसमा एक प्रस्थ तिलको तेल हाली तेल पकाउनू । त्यसमा दुई प्रस्थ गहुँत र दुई प्रस्थ काँजी हाल्नू । यो पुनर्नवाद्य तेल वस्ति र पिउनका लागि उत्तम हुन्छ । कम्मर, तिघ्रा, ढाड, जननेन्द्रिय कोख, अण्डकोष आदिमा हुने वातविकारजन्य वा कफविकारजन्य शूल यो तेल पिउने गर्नाले नाश हुन्छ । अन्त्रवृद्धि पनि शान्त हुन्छ ।

फ्याक्सेकन्द आदिको प्रयोग

(क) वैद्यरहस्य :

रास्नायष्ट्यमृतैरण्डं बलारग्वधगोक्षुरैः । पटोलेन वृषेणापि विधिना विहितं श्रृतम् ॥
रुबुतैलेन संयुक्तमन्त्रवृद्धिं व्यपोहति ॥

फ्याक्सेकन्द, जेठीमधु, गुर्जो, बलु, राजवृक्ष, ओदानेकाँडो, परबरका पात र असुरो मिसाएर पकाई त्यसमा अँडिरको तेल हाली पिउने गर्नाले वृद्धिरोग नाश हुन्छ ।

बोझो आदिको प्रयोग

(क) चक्रदत्त :

वचासर्षपकल्केन प्रलेपो वृद्धिनाशनः ।

बोझो र सर्सिउँ पिसेर लेप दल्नाले वृद्धिरोग नाश हुन्छ ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

वचासर्षपकल्केन प्रलेपः शोथनाशनः ।

बोझो र सर्सिउँ मिसाएर पिसी लेप बनाएर दल्ने गर्नाले वृद्धिरोगमा हुने सुजन नाश हुन्छ ।

(ग) भैषज्य रत्नावली :

वचासर्षपकल्केन लेपो वृद्धिविनाशनः ॥

अथवा बोझो र सर्सिउँ मिसाई पानीमा पिसेर लेप दल्ने गर्नू वृद्धिरोग चाँडै नाश हुन्छ ।

(घ) वैद्यरहस्य :

वचासर्षकल्केन प्रलेपः शोथ नाशनम् ।

बोझो र सर्सिउँ मिसाई पिसेर लेप दल्नाले अण्डवृद्धि रोगको सुजन नाश हुन्छ ।

रुद्रजटा आदिको प्रयोग

(क) चक्रदत्त : रुद्रजटालेप

रुद्रजटामूललिप्ता करटव्यङ्कचर्मणा । बद्ध्वा वृद्धिः शमं याति चिरजापि न संशयः ॥

रुद्रजटा नामक लहराविशेषको जरा पिसेर लेप दली बाहिरबाट लोखर्के (?)को छालाले बेर्नाले पुरानो वृद्धिरोग पनि शान्त हुन्छ ।

लज्जावती झार आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली :

लज्जागृध्रमलाभ्यां च लेपो वृद्धिहरः परः ॥

लज्जावती झार र गिद्धको सूली पिसेर लेप दल्नाले वृद्धिरोग नाश हुन्छ ।

सजिवन आदिको प्रयोग

(क) भावप्रकाश संहिता :

शिग्रुत्वक्सर्षपैर्लेपः शोथश्लेष्मानिलापहः ॥

सजिवनको वोक्रा र सर्सिउँ मिसाएर पिसी लेप बनाएर दल्ने गर्नाले वृद्धिरोगको सुजन, कफविकार र वातविकार नाश हुन्छ ।

सुप आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली : शतपुष्पाद्यघृत

शतपुष्पाऽमृता दारु चन्दनं रजनीद्वयम् । जीरके द्वे वचा नागं त्रिफला गुग्गुलुत्वचम्॥
मांसी सकुष्ठपत्रैला रास्ना श्रृङ्गी च चित्रकम् । कृमिघ्नमश्वगन्धा च शैलेयं कटुरोहिणी॥
सैन्धवं तगरं चैव कुष्ठं जातीबिसे समे । एतैश्च कार्षिकैः कल्कैर्घृतप्रस्थं विपाचयेत्॥
वृषमुण्डितिकैरण्डबिल्वपत्रभवं रसम् । कण्टकार्यास्तथा क्षीरं प्रस्थं प्रस्थं विनिक्षिपेत्॥

सुप, गुर्जो, देवदार, रक्तचन्दन, हलेदो, चुत्रो, जीरा, कालोजीरा, बोझो, नागकेशर, त्रिफला, गोकुलधूप, दालचिनी, बोझो, कूट, तेजपात, अलैंची, फ्याक्सेकन्द, कर्कटश्रृङ्गी, चितू, वायुविडङ्ग, अश्वगन्धा, सिलाजित, कटुकी, सिँधेनुन, तगर, कूट, जाइफल र कमलको डाँठ : यी सबै ओखती दुई दुई तोला लिई पिस्नू । त्यसपछि असुरो, गोरखमुण्डी, अँडिरको जरा, बेलका पात र कण्टकारीको रस एक एक प्रस्थ र गाईको दूध र घिउ एक एक प्रस्थ लिनू । सबै मिसाएर विधिपूर्वक घिउ पकाउनू ।

सिद्धमेतद् घृतं पीतमन्त्रवृद्धिं व्यपोहति । वातवृद्धिं पित्तवृद्धिं मेदोवृद्धिमथापि वा॥
मुष्कवृद्धिं श्लीपदं च यकृत्प्लीहानमेव च । शतपुष्पाद्यमेतद्धि घृतं हन्ति न संशयः॥

यो घिउ हरेक दिन मात्रा मिलाएर खाने गर्नू । अन्त्रवृद्धि, वायुवृद्धि, पित्तवृद्धि, बोसोवृद्धि र मूत्रवृद्धि नाश हुन्छ । हात्तीपाइले रोग, कलेजोका रोग, फियोका रोग पनि यो शतपुष्पाद्यघृत खानाले अवश्य नाश हुन्छ ।

हर्रो आदिको प्रयोग

(क) योग रत्नाकर :

फलत्रिकोद्भवं क्वाथं गोमूत्रेणैव पाययेत् । वातश्लेष्मकृतं हन्ति शोथे वृषणसम्भवम् ॥

हर्रो, बर्रो र अमलाको काँढापानी गहुँतमा मिसाएर पिउन दिनाले वा वातजन्य एवं कफजन्य वृद्धि नाश हुन्छ ।

(ख) वैद्यरहस्य :

हरीतकी द्वे भूनिम्ब धनिकाक्षद्वयं पृथक् । लवङ्गं सार्धकर्षं स्यात्सनाप्यक्षचतुष्टयम् ॥
सर्वतः सार्धगुणिता सिता तावत्तथा मधु । लेहोण्डवृद्धि नाशाय द्वितीयो नास्त्यतः परम् ॥

हर्रो, चिराइतो र धनियाँ दुई दुई अक्ष लिनू; ल्वाङ आधा कर्ष लिनू, सानो ताप्रे चार अक्ष लिनू । सबै मिसाउँदा जति हुन्छ त्यसको आधा मिश्री लिनू र त्यति नै मह लिनू । सबै मिसाएर पिस्नू । वृद्धिरोग नाश गर्नका लागि यो चटनी समान ओखती दोश्रो छैन ।

व्रध्नरोग (हर्निया वा आन्द्राजन्य वृद्धिरोग)

(क) चरक संहिता :

यस्य वायुः प्रकुपितः शोफशूलकरश्चरन् । वङ्क्षणाद्वृषणौ याति ब्रध्नस्तस्योपजायते ॥

जब शरीर भित्रको वायु उत्तेजित र दूषित भई सुजन र पीडा निकाल्दै तिघ्राको काछबाट अण्डकोशमा सर्दछ तब त्यसलाई "ब्रध्न" रोग भनिन्छ ।

(ख) भावप्रकाश संहिता, योग रत्नाकर :

अत्यभिष्यन्दिगुर्वन्न शुष्कपूत्यामिषाशनात् । (अत्यभिष्यन्दिगुर्वन्नसेवनान्निचयं गतः)
करोति ग्रन्थिवच्छोथं दोषो वङ्क्षणसन्धिषु ॥ ज्वरशूलाङ्गसादाढचं तं ब्रध्नेति विनिर्दिशेत् ॥

धेरै अभिष्यन्दि पदार्थ, पचाउन कठिन हुने अन्न, सुक्खा तथा सडेर गनाएको मासु खाने गर्नाले शरीर भित्रका वात, पित्त र कफ उत्तेजित एवं विकृत भई काछमा पुगी सुन्निएर गाँठो निकाल्दछ । यसपछि जरो र शूल आउने अनि शरीर लखतरान (थकित) हुने गर्दछ । यस्तो तिघ्राको जोर्नी वा काछमा हुने रोगलाई व्रध्न भनिन्छ ।

(ग) भैषज्य रत्नावली :

अत्यभिष्यन्दिगुर्वन्नसेवनान्निचयं गतः । करोति ग्रन्थिवच्छोथं दोषो वंक्षणसन्धिषु ॥
ज्वरशूलाङ्गदाहाढचं तं ब्रध्नमिति निर्दिशेत् ॥

अति धेरै कफ बढाउने, पचाउन कठिन हुने र काँचा अन्न आदि पदार्थ खाएका कारण शरीर भित्र रहेको वायु आदि दोष उत्तेजित र दूषित भई त्यसले तिघ्राको काछमा पुगेर सुजन निकाल्दछ । यसरी निस्कने सुजनमध्ये जुन सुजनमा जरो आउने, दुख्ने र शरीरका सबै अङ्गमा डाह हुने गर्दछ त्यसलाई "ब्रध्नरोग" भनिन्छ ।

(घ) माधव निदान :

तत्र कोष्ठाश्रिते दुष्टे निग्रहो मूत्रवर्चसोः । ब्रध्नहृद्रोगगुल्मार्शःपार्श्वशूलं च मारुते ॥

उत्तेजित र विकृत वायुले शरीका भित्री अङ्गमा आश्रय पाएपछि दिसा र पिसाब अवरुद्ध हुन थाल्दछ । यसबाट व्रध्न, मुटुका रोग, गुल्म, हर्सा र कोखाको शूल हुने गर्दछ ।

उपचार
ओदानेकाँडो आदिको प्रयोग

(क) योग रत्नाकर :

श्वदंष्ट्रासिन्धुविश्वाब्ददारुक्रिमिहराश्मभित् । लोध्रचूर्णं घृतेनाद्याद्वातवर्ध्महरं परम् ॥

ओदानेकाँडो, सिँधेनुन, सुठो, नागरमोथे, देवदार, वायुविडङ्ग, पाषाणभेद र लोध बराबर लिई धूलो बनाउनू । यो धूलो घिउमा मिसाएर खाने गर्नाले वातविकारजन्य वर्ध्मरोग राम्ररी निको हुन्छ ।

जीरा आदिको प्रयोग

(क) चक्रदत्त :

अजाजी हपुषा कुष्ठं गोधूमं बदराणि च । काञ्जिकेन समं पिष्ट्वा कुर्याद् ब्रध्नप्रलेपनम् ॥

जीरा, हपुषा, कूट, गहुँ र बयर : यी ओखती काँजीमा पिसेर लेप बनाई दल्ने गरिएमा व्रध्न रोग नाश हुन्छ ।

(ख) भावप्रकाश संहिता :

अजाजी हवुषा कुष्ठं गोमेदं बदरान्वितम् । काञ्जिकेन तु सम्पिष्टं तल्लेपो ब्रध्नजित्परः ॥

जीरा, हपुषा, कूट, तेजपात (गोमेद) र बयर : यी ओखती काँजीमा पिसेर लेप बनाई दल्ने गरिएमा व्रध्न रोग नाश हुन्छ ।

(ग) भैषज्य रत्नावली :

अजाजी हबुषा कुष्ठं गोधूमं बदराणि च । काञ्जिकेन समं पिष्ट्वा कुर्याद्ब्रध्ने प्रलेपनम् ॥

कालोजीरा, हपुषा, कूट, गहुँ र सुकेका बयर बराबर लिई काँजीमा पिसेर लेप दल्नाले ब्रध्नरोग नाश हुन्छ ।

जीवजन्तुको प्रयोग : जानकारीको लागि मात्र

(क) चक्रदत्त :

मृतमात्रे तु वै काके विशस्ते सम्प्रवेशयेत् । ब्रध्नं मुहूर्तं मेधावी तत्क्षणादरुजं भवेत्॥

भर्खर मरेको कागको मुटुको मासु केही तताएर पिसी काछमा दल्नाले ब्रध्नरोग र त्यसले दिने पीडा तत्काल नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली :

मृतमात्रे तु वै काके विशस्ते तु प्रवेशयेत् । ब्रध्नं मुहूर्त्तं मेधावी तत्क्षणादरुजं भवेत्॥

भर्खर मरेको कागको मुटुको मासु केही तताएर पिसी काछमा दल्नाले ब्रध्नरोग र त्यसले दिने पीडा तत्काल नाश हुन्छ ।

बेल आदिको प्रयोग

(क) चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर : बिल्वादिचूर्ण वा बिल्वमूलादिचूर्ण

मूलं बिल्वकपित्थयोररलुकस्याग्नेर्बृहत्योर्द्वयोः
श्यामापूतिकरञ्जशिग्रुकतरोर्विश्वौषधारुष्करम् ।
कृष्णाग्रन्थिकवेल्लपञ्चलवणं क्षाराजमोदान्वितं
पीतं काञ्जिककोष्णतोयमथितैश्चूर्णीकृतं वर्ध्मजित् ॥

बेलको जरा, कैथको जरा, टटेलोको जरा, चितूको जरा कण्टकारीको जरा, बिहीँको जरा, कालो निसोतको जरा, बल्डयाङ्गोको जरा, सजिवनको जरा, सुठो, भलायो, पिप्ला, पिप्लाको जरा, वायुविडङ्ग, पाँच प्रकारका नुन, जवाखार र अजमोदा : यी बराबर मात्रामा लिई पिस्नू । यो धूलो काँजी वा तातो पानीमा वा मथितमा मिसाएर पिउन दिनाले वर्ध्मरोग नाश हुन्छ ।

भेडीको दूध आदिको प्रयोग

(क) चक्रदत्त :

अविक्षीरेण गोधूमकल्कं कुन्दुरुकस्य वा । प्रलेपनं सुखोष्णं स्याद् ब्रध्नशूलहरं परम् ॥

भेडीको दूधमा गहुँको पिठो पिसेर वा साज पिसेर मनतातो लेप दल्नू । यसो गर्नाले ब्रध्नरोग र त्यसले गर्ने पीडा नाश हुन्छ ।

(ख) भैषज्य रत्नावली :

अजाक्षीरेण गोधूमकल्कं कुन्दुरुकस्य वा । प्रलेपनं सुखोष्णं स्याद्ब्रध्नशूलहरं परम् ॥

बाख्रीको दूधमा गहुँको पिठो वा साज पिसेर मनतातो लेप दल्नू । यसो गर्नाले ब्रध्नरोग र त्यसले गर्ने पीडा नाश हुन्छ ।

सिंधेनुन आदिको प्रयोग

(क) चक्रदत्त : सैन्धवाद्यं तैल

**सैन्धवं मदनं कुष्ठं शताह्वां निचुलं वचाम् । ह्रीबेरं मधुकं भार्ङ्गीं देवदारु सनागरम्॥
कट्फलं पौष्करं मेदां चविकां चित्रकं शठीम् । विडङ्गातिविषे श्यामां रेणुकां नलिनीं स्थिराम्॥
बिल्वाजमोदे कृष्णां च दन्तीरास्ने प्रपिष्य च । साध्यमेरण्डजं तैलं तैलं वा कफवातनुत्॥
ब्रध्नोदावर्तगुल्मार्शःप्लीहमेहाढ्यमारुतान् । आनाहमश्मरीं चैव हन्यात्तदनुवासनात् ।
घृतं सौरेश्वरं योज्यं ब्रध्नवृद्धिनिवृत्तये॥**

सिंधेनुन, मैनफल, कूट, सुप, पानीबेत, बोझो, सुगन्धवाल, जेठीमधु (वा महुवा), चिन्डे, देवदार, सुठो, काफल, पुष्करमूल, मेदा, चाभो, चितूको जरा, कचूर, वायुविडङ्ग, अतीस, कालो निसोत, शितलचिनी, कमलिनी, शालपर्णी, बेल, जङ्गली ज्वानु, पिप्ला, अजयपाल र फ्याक्सेकन्द पिसी हालेर अँडिरको वा तिलको तेल पकाउनू । यो तेल ले कफविकार, वातविकार, ब्रध्न, उदावर्त, गुल्म, हर्सा, फियोका रोग, प्रमेह, आढ्यवात, आनाह र पत्थरी नाश गर्दछ । यसले अनुवासन वस्ति लिनु पर्दछ । ब्रध्न र वृद्धिरोग नाश गर्न सौरेश्वरघृतको प्रयोग गर्नुपर्दछ ।

हर्रो आदिको प्रयोग

(क) भावप्रकाश संहिता

भृष्टश्चैरण्डतैलेन सम्यक्कल्कोऽभयाभवः । कृष्णासैन्धवसंयुक्तो ब्रध्नरोगहरः परः ॥

हर्रोलाई राम्ररी पिसी त्यसलाई अँडिरको तेलमा भुट्नू अनि पिप्ला र सिँधेनुनको धूलो मिसाएर खाने गर्नु व्रध्न रोग अवश्य नाश हुन्छ ।

(ख) योग रत्नाकर :

भृष्टश्चैरण्डतैलेन कल्कः पथ्यासमुद्भवः । कृष्णासैन्धवसंयुक्तो वर्ध्मरोगहरः परः ॥

जङ्गीहर्रोको धूलोलाई अँडिरको तेलमा भुट्नू । अनि त्यसमा पिप्ला र सिँधेनुन मिसाएर खाने गर्नू । वर्ध्मरोग विशेष किसिमले नाश गर्दछ ।

वृद्धिरोगमा पालना गर्नुपर्ने नियम

(क) भावप्रकाश संहिता, वैद्य रहस्य :

वृद्धावत्यशनं मार्गमुपवासं गुरूणि च । वेगाघातं पृष्ठयानं व्यायामं मैथुनं त्यजेत् ॥

वृद्धि रोग हुने मानिसले धेरै खाना खान, धेरै पैदल यात्रा गर्न, पिसाब आदिको वेगलाई रोक्न, भोको बस्न, पचाउन कठिन हुने कुरा खान, घोडा आदि चढ्न, कसरत गर्न र ग्रम्यधर्ममा संलग्न हुन हुँदैन ।

(ख) भैषज्य रत्नावली :

संशोधनं वस्तिरसृग्विमोक्षः स्वेदः प्रलेपोऽरुणशालयश्च ।
एरण्डतैलं सुरभीजलं च धन्वामिषं शिग्रुफलं पटोलम् ॥६३॥
पुनर्नवा गोक्षुरकोऽग्निमन्थस्ताम्बूल पथ्या सरलं रसोनम् ।
वातिङ्गनो गृञ्जनकं मधूनि कौम्भं घृतं तप्तजलं च तक्रम् ॥
यथाश्रुतं शस्त्रविधिश्च वर्गः स्याद्ब्रध्नवृद्ध्यामयिनां सुखाय ॥६४॥

दोषलाई शान्तपार्ने खालका ओखती, पिचकारी दिने कार्य, रगत निकाल्ने कार्य, सेकेर पसिना निकाल्ने कार्य, लेप दल्ने काम, रातोमार्सी धानको चामलको भात, अँडिरको तेल, गहुँत, सुक्खा क्षेत्रका पशुपंक्षीको मासु, सैजनको फल, परबर, पुनर्नवा, ओदानेकाँडो, अरणी, पान, हर्रो, सल्लाको खोटो, लसुन, भन्टा, गाजर, मह, दश वर्ष पुरानो घिउ, तातो पानी र मोही अनि शास्त्रमा बताइएका विधिले गरिने शल्यक्रिया जस्ता सबै कुरा ब्रध्न र अण्डकोशवृद्धि रोग हुनेका लागि सुखदायक हुन्छन् ।

विरुद्धपानान्नमसात्म्यसेवा संक्षोभणं हस्तिहयादियानम् ।
आनूपमांसानि दधीनि माषा दुग्धानि विष्टान्नमुपोदिका च ॥
गुरूणि शुक्रोत्थितवेगरोधः स्युर्ब्रध्नवृद्ध्यामयिनाममित्राः ॥६५॥

परस्पर विरोधी र शरीरले नसहने खालका खानपिन, मन खिन्न पार्ने कार्य, हात्ती वा घोडा चढेर यात्रा गर्न, सीमसार क्षेत्रका पशुपंक्षीको मासु, दही, दूध, मास, पिसिएका अनाज, पवैको साग, पचाउन कठिन हुने खानपिन र वीर्यको वेग रोक्न : यी कार्य ब्रध्न र वृद्धिरोग हुने मानिसका लागि अहितकर हुन्छन् ।

(ग) वैद्य रहस्य :

वेगरोधं पृष्ठयानं व्यायामं मैथुनं तथा । अत्यशनं तथा क्रोधं गुरुद्रव्याणि वर्जयेत् ॥

दिसा पिसाब आदिको वेग रोक्न, घोडा आदिको ढाडमा चढी यात्रा गर्न, मैथुन, धेरै खान, रिसाउन र ढिला पच्ने खानपिन गर्न वृद्धिरोग हुनेले छाड्नू ।

(घ) सुश्रुत संहिता :

अन्त्रवृद्ध्या विना षड्या वृद्धयस्तासु वर्जयेत् । अश्वादियानं व्यायामं मैथुनं वेगनिग्रहम् ॥ अत्यासनं चङ्क्रमणमुपवासं गुरूणि च ।

अन्त्रवृद्धिलाई छाडेर अरु वृद्धिरोगमा घोडा आदि चढ्न, कसरत गर्न, ग्राम्यधर्ममा संलग्न हुन, शरीरका मलमूत्र आदिको वेग रोक्न, धेरै बेर बसिरहन, धेरै घुमफिर गर्न, भोकै बस्न र धेरै खान हुँदैन, यी कुराबाट जोगिनु पर्दछ ।

॥ समाप्त ॥